# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

**काठमाडौं, असार २३ गते २०३३ साल**

श्री ५ को सरकार

**अर्थ मन्त्रालयको**

**सूचना**

माननीय अर्थ मन्त्री श्री भेषबहादुर थापाले २०३३ साल आषाढ २३ गते रोज ३ का दिन दिनुभएको आर्थिक वर्ष २०३३।३४ को बजेट बक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

अध्यक्ष महोदय,

विगत दुई वर्षको बजेटहरू पेश गर्दा देशको आन्तरिक आर्थिक स्थिति र बाह्य [illegible]को आर्थिक असन्तुलनबाट पर्नगएको प्रभावले गर्दा हाम्रो आर्थिक गतिविधि सन्तोषप्रद नभएको कुराको संकेत गरेको थिएँ । त्यस परिस्थितिमा पनि योजनाले निर्धारित गरेको लक्ष्यबाट बिचलित नभई उपयुक्त नीति अपनाएर विकास कार्यक्रमहरू सञ्चालन गरिएको कुरा सर्वविदितै छ । आज फर्केर हेर्दा हामी निश्चिन्तताका साथ यो भन्न सक्तछौं कि विश्वव्यापी आर्थिक संकटको केही प्रतिकूल असर परे पनि हामी आफ्नो विकासको गतिविधि अगाडि बढाउन समर्थ भएका छौं । हाम्रो विकास कार्यक्रमहरूको कार्यान्वयन क्रमश: प्रभावकारी हुँदै गएको छ । आज आर्थिक स्थितिका मुख्य परिसूचकहरू–मूल्य स्थिति, सोधनान्तर स्थिति, मुद्रा प्रदाय, उत्पादन र वितरण व्यवस्था विगत वर्षको दाँजोमा संतोषप्रद देखिएका छन् । देशको आर्थिक स्थितिमा देखा परेका लक्षणहरूले आज हामीलाई बढी आशावादी हुन सक्ने अवस्थामा पुऱ्याएको छ ।



९६९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एकातर्फ आर्थिक क्षेत्रको अनुकूल वातावरणले हामीलाई उत्साही बनाएको छ भने अर्को तर्फ वर्तमान राजनैतिक पृष्ठभूमिले हामीहरूलाई एक दृढ र निश्चित मार्ग लिई विकासको अभियानमा सम्मिलित भएर लम्कने प्रेरणा दिएको छ। श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट संविधानको दोस्रो संशोधन बक्सेपछि "देश विकासको पुनीत कार्यमा समस्त राष्ट्रिय शक्तिको समुचित परिचालन गर्ने" अनुकूल वातावरण सृजना भएको छ। यस आर्थिक र राजनैतिक वातावरणमा विकासको अभियानमा मुलुकलाई दृढताकासाथ अगाडि बढाउने उद्देश्य राखेर आगामी बजेट प्रस्तुत गर्दछु।

अब म वर्तमान आर्थिक गतिविधि बारे केही विवेचना गर्दछु। सर्वप्रथम मूल्य स्थिति तर्फ २०३०।३१ र २०३१।३२ मा क्रमशः वार्षिक मूल्य वृद्धि १५.८ प्रतिशत र १६.० प्रतिशतले भएकोमा यो वर्ष २०३२।३३ को तेस्रो त्रैमासिकको अन्त्यमा ०.७ प्रतिशतले मात्र वृद्धि भएको छ। यही समयमा गत वर्ष मूल्यसूची १४.३ प्रतिशतले वृद्धि भएको थियो। यस वर्ष ०.७ प्रतिशतले वृद्धि भएकोमा पनि गैर खाद्य वस्तुहरू जुन अधिकाँश आयात गरिन्छ, तिनीहरूको मूल्यमा ६ प्रतिशतले वृद्धि भएर हो। खाद्य वस्तुहरू जुन मुख्यतः आन्तरिक उत्पादन हुन् त्यसमा ३.६ प्रतिशतले मूल्य घटेको छ। मूल्य स्थिति धेरै वर्षपछि स्थिर हुन आएको छ। यसबाट जनसाधारणलाई ठूलो त्राण (**Relief**) मिलेको अनुभव छ। श्री ५ को सरकारको प्रभावकारी मौद्रिक तथा वित्तीय नीति, दश सूत्रीय कार्यक्रम, कृषि वर्षको अभियान र अनुकूल मौसमबाट कृषि उत्पादनमा भएको वृद्धिले मूल्य स्थितिमा यो सुधार भएको हो। यसमा अन्तरराष्ट्रिय मूल्य वृद्धिमा आएको मन्दताको पनि केही प्रभाव छ।

उत्पादन तर्फ हाम्रो प्रमुख उपज खाद्यान्न उत्पादन २०३१।३२ मा २ प्रतिशतले वृद्धि भएकोमा यो वर्ष ३.३६ प्रतिशतले वृद्धि भएको छ। हाम्रो मुख्य बाली धानको उत्पादन ६.१८ प्रतिशतले वृद्धि भएको छ। गहूँमा १६.२० प्रतिशतले उल्लेखनीय वृद्धि भएको छ। पहाडतिरको मुख्य बाली मकैमा भने ६.५३ प्रतिशतले उत्पादन ह्रास भएको छ। तर समष्टि रूपले हेर्दा कुल खाद्यान्न उत्पादन संतोषप्रद छ भन्न सकिन्छ।

व्यापार तर्फ यो वर्ष गत वर्षको दाँजोमा कुल निर्यात २१ प्रतिशतले र आयात ११ प्रतिशतले बढ्ने अनुमान छ। अहिलेको मूल्य स्थितिको सन्दर्भमा वाह्य व्यापारमा भएको यो प्रवृत्ति उत्साहवर्धक छ। यसमा चामल, जूट र जूटका सामानको निर्यातको प्रमुख देन छ।

यो वर्ष सोधनान्तर स्थितिमा राम्रो सुधार भएको छ। गत वर्ष रू. ४२ करोडको घाटा भएकोमा यो वर्ष लगभग रू.१८ करोडको बचत हुने अनुमान छ। वैदेशिक सम्पत्तिको सञ्चितिमा २०३१।३२ को ९ महीनामा ४२.२५ करोडले ह्रास हुन गएकोमा चालू आर्थिक वर्ष सोही अवधिमा हाम्रो विनिमय दरको परिवर्तनबाट भएको वृद्धि समावेश नगरी खुद वृद्धि ११ करोड १० लाख भएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मौद्रिक क्षेत्रमा २०३०।३१ मा मुद्रा प्रदाय २६.१ प्रतिशतले वृद्धि भई एक चिन्ताजनक विषय भएको थियो । २०३१।३२ मा यसलाई नियन्त्रण गर्ने विदेशी मुद्राको ठूलो राशी खर्च गर्नु पर्‍यो । यो वर्ष विदेशी सम्पत्तिमा उल्लेखनीय वृद्धि भएर पनि ६ महीनामा १०.५ प्रतिशतले मात्र मुद्रा प्रदायमा वृद्धि भएको छ जब गत वर्ष यही अवधिमा विदेशी मुद्रा सञ्चितिमा रू.४२ करोड २५ लाखको ह्रास भई मुद्रा प्रदायको वृद्धि ६.६ प्रतिशत भएको थियो ।

हाम्रो विगत वर्षमा अपनाएको मौद्रिक नीतिले अर्थ व्यवस्थामा अनुकूल प्रभाव पारेको छ । ब्याज दरको परिवर्तनबाट बैंकिङ्ग क्षेत्रले कर्जाको माँग अनुरूप साधन परिचालन गरी पूर्ति गर्न सफल भएका छन् । मुद्रा प्रदाय वाँछनीय हदभित्र रहेको छ र मुद्दतीमा उल्लेखनीय दरले भएको छ । बैंकिङ्ग क्षेत्रले गत वर्ष गरेको प्रगति र सेवाको विस्तार उत्साहवर्धक छ । आगामी वर्षभित्र देशको सबै जिल्लाहरूमा बैंकिङ्ग सेवा पुग्नेछ ।

यहाँ वाह्य आर्थिक स्थिति बारे केही उल्लेख गर्न प्रासङ्गिक ठान्दछु । विगत वर्षहरूमा अन्तरराष्ट्रिय बजारमा भएको चर्को मूल्य वृद्धिको सन्दर्भमा हालको मूल्य वृद्धि मन्द नै भएकोले यसको प्रभाव अनुकूल देखियो । तर कोरा मालहरूको मूल्यको दाँजोमा कारखानाबाट उत्पादित मालहरूको मूल्यमा भइरहेको मूल्य वृद्धि हाम्रो जस्तो खनिज इन्धनको साधन नहुने विकासोन्मुख देशहरूकोलागि चिन्ताजनक कुरा हो । यो प्रक्रिया जारी रह्यो भने हाम्रो वाह्य व्यापारमा प्रतिकूल असर पारेर सोधनान्तर स्थितिमा नराम्रो प्रभाव पार्नेछ । तेस्रो विश्व समूहका राष्ट्रहरू सबैले यस खतरालाई महशुस गरेका छन् र सामुहिक रूपबाट एक न्यायोचित अन्तरराष्ट्रिय आर्थिक व्यवस्थाको लागि जोडदार अभियान चलिरहेको माननीय सदस्यहरूलाई जानकारी भएकै कुरा हो । संयुक्त राष्ट्र संघको विशेष बैठक र अङ्कटाड् (UNCTAD) को बैठकमा यही विषयको प्रभूत्व थियो तर आजसम्म कुनै पनि अन्तरराष्ट्रिय समूह ठोस निष्कर्षमा पुग्न सकेको छैन । यो विषय हाम्रो लागि पनि ज्यादै महत्वपूर्ण भएकोले हामीले पनि यसमा सक्रिय रूपले भाग लिइरहेका छौं । आजको आर्थिक सूचकहरूमा सुधार देखिन्छ तापनि अन्तरराष्ट्रिय आर्थिक प्रवाह विकासोन्मुख मुलुकको आवश्यकता अनुकूल नभएको तथ्यलाई ध्यानमा राखेर हामी सचेष्ट रहनु पर्ने कुरा बोध गराउन चाहन्छु ।

अब म आगामी वर्षको बजेटको तर्जुमा गर्दा अपनाएको मुख्य कार्यनीति बारे केही भन्दछु । हाम्रो अगाडिको चुनौतिको मुकाबिला आज केवल श्री ५ को सरकारको प्रयासबाट मात्र संभव छैन भन्ने कुरा मैले भनि रहन पर्ने होइन । राष्ट्रिय स्तरमा वृहत् प्रयास नभैकन हामी विकासको बाटोमा चाहेको गतिमा अगाडि बढ्न सक्तैनौं भन्ने कुरा हाम्रो विगत चार आवधिक योजनाहरूको कार्यान्वियनबाट स्पष्ट भैसकेको छ । वास्तवमा विकासोन्मुख र विकसित दुबै देशहरूको अनुभवले के देखाएको छ भने कुल राष्ट्रिय आयको १५ देखि २० प्रतिशतसम्म वार्षिक लगानी गर्न नसकुञ्जेलसम्म देशको स्थायी विकास संभव छैन । हाल हामीले राष्ट्रिय आयको लगभग ६ प्रतिशत मात्र राजस्व उठाउन सकेका छौं । यस्तो अवस्थाबाट एकैचोटी सरकारी क्षेत्रबाट मात्र साधन जुटाएर विकास गर्न संभव छैन । तर बढ्दो मात्रामा पूंजीको संचालन गर्नु पर्ने आवश्यकता पनि अपरिहार्य छ ।

१८१ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकासको वास्तविक अर्थ नै बहुसंख्यक जनताको हित गर्नु हो। यो त्यसै बेला मात्र संभव हुन्छ जब हाम्रा कार्यक्रमहरू ग्रामीण क्षेत्रमा आधारित हुन्छन्। यस प्रकारको विकासको अभियानले जरा नहालुन्जेलसम्म बहुसंख्यक जनताले प्रत्यक्ष रूपमा लाभ उठाउन सक्तैनन्। वास्तवमा विकासको अनुभवले के देखाएको छ भने कतिपय यातायात र सञ्चारका साधनहरूको विकासले ग्रामीण जन जीवनलाई शहरिया व्यापार क्षेत्रको लागि शोषणको क्षेत्र बनाएको छ। यो वर्ष बजेट तर्जुमा गर्दा ग्रामीण क्षेत्रलाई साधन जुटाउने र यातायात तथा सञ्चारका साधन पुगेका क्षेत्रमा ग्रामीण विकासका सघन कार्यक्रम शुरू गर्ने प्रमुख उद्देश्य राखिएको छ, जसको प्रभावले केही समयमा ती क्षेत्रको जनजीवनमा बहुपक्षीय अनुकूल आर्थिक प्रभाव पर्नेछ। तसर्थ श्री ५ को सरकारको आफ्नै साधन वा बाहिरी सहायता केवल ठूलो सडक जस्ता आयोजनमा लगानी केन्द्रित गर्ने विगत वर्षहरूको प्रवृत्तिलाई बढ्न नदिई विकास कार्यक्रमलाई जनमुखी बनाउने प्रयत्न भएको छ।

आगामी वर्ष साधनलाई ग्रामीण क्षेत्रको विकास कार्यक्रममा उल्लेखनीय रूपमा प्रवाहित गर्न खोजिएको छ। चालू वर्षको दाँजोमा साढेतीन गुना बढी स्थानीय विकासको लागि अनुदान रकम समावेश भएको छ। श्री ५ को सरकारले यसरी छुट्याएको साधनबाट यसको बहुगुना परिचालन हुने नीतिको तर्जुमा गरेर स्थानीय पञ्चायतलाई स्थानीय तहको विकासको काममा बढी सक्रिय रूपमा संलग्न गराउने छ। प्रत्येक जिल्ला पञ्चायतलाई न्यूनतम रकम समान आधारमा दिइने र थप रकम त्यस पञ्चायतको साधन परिचालन गर्न सक्ने क्षमता र आयोजनाको उपादेयताको आधारमा अनुदान दिइनेछ। विगत वर्षको अनुभवबाट देखिएको छ कि स्थानीय पञ्चायतलाई दिइएको सीमित साधनबाट कुनै कुनै जिल्लामा उल्लेखनीय प्रगति हुन सकेको छ। उदाहरणको लागि धौलागिरि अञ्चलको वाग्लुङ्ग जिल्लालाई लिन सकिन्छ। हुनत सबै पञ्चायतहरू सक्रिय छन् तापनि श्री ५ को सरकारले दिएको साधनलाई त्यसको धेरै गुना फाइदा हुन सक्ने गरी श्रम र स्थानीय साधनको परिचालन मात्र हैन त्यसको प्रभावकारी उपयोग गरेर ग्रामीण जीवनमा ठोस योगदान पुऱ्याएको उदाहरणहरूलाई सबै जिल्लाले अनुकरण गरोस् भन्ने उद्देश्य श्री ५ को सरकारले राखेको छ।

यस कार्य नीतिलाई प्राधान्यता दिई वर्तमान आर्थिक स्थितिको पृष्ठभूमिमा हाम्रो पञ्चवर्षीय योजनाको उद्देश्य, नीति तथा लक्ष्यहरू अनुकूल आगामी वर्ष तल उल्लेख गरे बमोजिमको आर्थिक नीतिहरू अपनाउन लागेको छु। ती मध्ये धेरै लगातार अपनाई आएका हुन्। नीति भनेको हरसाल बदलिरहनु पर्ने होइन। परिस्थितिले फेर बदल गर्न आवश्यक नभएसम्म सफल नीतिहरू कायम राख्नु युक्तिसंगत सम्झेको छु।

(१) स्थानीय तथा ग्रामीण क्षेत्रको विकासमा विशेष जोड दिई यसमा पञ्चायतको सक्रिय भूमिका रहने गर्ने,

(२) बढी से बढी लगानी उत्पादनशील क्षेत्रमा गर्ने,

(३) देशको एक प्रमुख साधन जलस्रोतको विकासमा जोड दिने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) लगानीको बाँडफाँडमा प्रादेशिक सन्तुलनको नीति यथासंभव अनुसरण गर्ने,

(५) विकासको प्रतिफल केही मात्रामा भएपनि देशका सम्पूर्ण भागका जनतामा पुगोस् भन्ने ध्येयले शिक्षा, स्वास्थ्यजस्ता सामाजिक सेवाको विस्तार गर्ने,

(६) जनसंख्या नियन्त्रणको कामलाई अरू व्यापक र प्रभावकारी बनाउने,

(७) अनुत्पादक खर्च नियन्त्रण गर्ने नीति जारी राख्ने,

(८) प्रशासनको उत्पादनशीलता र कुशलतामा वृद्धि ल्याउने,

(९) सरकारी सेवा तथा संस्थानहरूको कार्य कुशलता बढाई यिनीहरूमा भएको लगानीबाट आय बढाउने,

(१०) मुद्रा प्रदायमा अवाञ्छनीय असर नपर्ने गरी आर्थिक गतिविधिमा गतिशीलता ल्याउने,

(११) साधारण र विकास तर्फको बढ्दो खर्च पुऱ्याउन राजस्वमा उल्लेखनीय वृद्धि गर्ने ।

यी नीतिहरूको प्रतिपादन हुने गरी आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । यसको विशेषताहरू अब म छोटकरीमा प्रस्तुत गर्दछु ।

स्थानीय विकासलाई अघि बढाउन पञ्चायतहरूलाई प्रशासन खर्च सहित विकास कार्यमा बढी लगानी गर्न पुग्ने गरी साधन उपलब्ध गराइने भएको छ । पञ्चायत क्षेत्रकोलागि यो वर्ष पूरक बजेट समेत गरी रू. २ करोड ६१ लाख रकम रहेकोमा आगामी वर्ष जम्मा रू. ५ करोड ८८ लाख ७५ हजार समावेश गरिएको छ । यसमा स्थानीय स्रोतबाट पनि त्यस्तै मात्रामा साधन परिचालन भई स्थानीय विकास कार्यक्रमले एक महत्वपूर्ण रूप लिनेछ भन्ने आशा राखेको छु । यसको अतिरिक्त श्री ५ को सरकारबाट हालै घोषित साझा कार्यक्रमले देशको २७ जिल्लामा ग्रामीण स्तरमा आवश्यक सेवा र सुविधा पुऱ्याई ग्रामीण विकासलाई प्रस्फुटित पार्नेछ । यस क्षेत्रमा प्रादेशिक सघन विकास कार्यक्रम एक अर्को महत्वपूर्ण क्रियाकलाप हो । यस अन्तर्गत आगामी वर्ष ४ जिल्लाहरू म्याग्दी, जुम्ला, बझाङ्ग, र सर्लाहीमा यो कार्यक्रम शुरू गरिनेछ । यसबाट करीब ६०,००० जनता लाभान्वित हुनेछन् । यस कार्यक्रमको लागि रू. ३५ लाख समावेश गरिएको छ । ग्रामीण विकास सम्बन्धी अर्को महत्व पूर्ण कार्यक्रम करीब रू. १३ करोड ६० लाखको लागतमा नुवाकोट र रसुवा जिल्लामा शुरू हुन लागेको ग्रामीण विकास कार्यक्रम हो । यो आयोजनाको विशेषता स्थानीय प्रशासन र पञ्चायतको माध्यमबाट कार्यक्रमको तर्जुमा गराउने र कार्यान्वयनमा पनि यिनीहरूको सक्रिय भूमिका रहनेछ। लामोसाँघु-जिरी बाटो आयोजनाको साथसाथै बाटोमा पर्ने क्षेत्रमा ग्रामीण विकासको कार्यक्रम चालू भइसकेको छ । त्यस्तै धरान-धनकुटा राजमार्गमा पर्ने क्षेत्र र नेपालगञ्ज-सुर्खेत राजमार्गमा पर्ने क्षेत्रहरूमा पनि ग्रामीण विकास कार्यक्रम सञ्चालन गर्ने तर्फ आवश्यक कारवाही भइरहेको छ । वास्तवमा अब कुनै पनि ठूलो राजमार्गको योजना सँगसँगै ग्रामीण विकास कार्यक्रम पनि सम्मिलित गर्ने श्री ५ को सरकारले नीति अपनाएको छ । यसरी स्थानीय र ग्रामीण विकासमा श्री ५ को सरकारले विशेष ध्यान दिएको छ । यसै क्रमलाई अनुसरण गरेर यी कार्यक्रमहरूले ३।४ वर्षभित्र हाम्रो देशको भित्री भागमा बहुसंख्यक जनतालाई लाभ पुऱ्याउनेछ ।

१८३ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकासमा खर्च भए अनुसार राष्ट्रिय उत्पादनमा वृद्धि हुन नसकेबाट जनसाधारणको जीवनस्तरमा खास परिवर्तन हुन नसकेको तथ्य चौथो योजनाको मूल्याङ्कनबाट अवगत भएकै छ । अतः बजेटको तर्जुमा हुँदा उत्पादन वृद्धि गर्ने तथा त्यसलाई सहायक हुने आयोजनाहरूलाई लगानीको बाँडफाँडमा विशेष ग्राह्यता दिइएको छ । पूरा हुन लागेका आयोजनाहरूको लागि आवश्यक रकम समावेश गरिएको छ । कुनै कुनै आयोजनाहरूबाट निर्माणको अवस्थामा नै प्रतिफल दिन सक्ने गरी कार्यक्रमको तर्जुमा भएको छ । यसमा खास गरी सिंचाइ आयोजनाहरू परेका छन् । उत्पादनशील क्षेत्रमा चालू वर्ष पनि जोड दिइएको थियो र यस नीतिलाई दृढताका साथ अनुसरण गर्न खोजिएको छ । प्रस्तुत बजेटमा उत्पादन क्षेत्रमा विकास बजेटको ३५.६ प्रतिशत रकम राखिएको छ । यस क्षेत्रमा आगामी वर्षको अन्त्यसम्ममा केही नयाँ प्रमुख उद्योगहरूको निर्माण कार्य पूरा भई उत्पादन गर्न सक्ने स्थितिमा पुग्नुको साथै सिंचाइ क्षेत्रमा उल्लेखनीय वृद्धि हुनेछ । चालू वर्ष ७,२७७ हेक्टर थप जमीनमा सिंचाइ सुविधा उपलब्ध गराइएकोमा आगामी वर्ष करीब २६,००० हेक्टर थप जमीनमा सिंचाइ सुविधा उपलब्ध हुनेछ । यसप्रकार आगामी वर्षको अन्त्यसम्ममा कुल सिंचित जमीनको क्षेत्रफल १५ प्रतिशतले वृद्धि हुनेछ । यसको अतिरिक्त केही नगदे बालीमा पनि कृषि उत्पादन विविधिकरण गर्ने दिशामा एक ठोस कदम उठाइने भएको छ ।

जलस्रोत हाम्रो एक प्रमुख प्राकृतिक साधन भएकोले त्यसको विकासमा विशेष ध्यान जान जरूरी भएको छ । यसको महत्व राष्ट्रिय पञ्चायतको यस सम्बन्धी एक छुट्टै समिति गठन भएबाट पनि बोध हुन्छ । यस क्षेत्रमा वृहत्, मध्यम र लघु तीनै प्रकारका आयोजनाहरूको सर्वेक्षण तथा अध्ययनलाई विशेष स्थान दिइएको छ । यसबाट निकट भविष्यमै सम्भाव्य आयोजनाहरूको प्रतिवेदनहरू तयार हुनेछ । आगामी कार्यक्रममा यस सम्बन्धी एक प्रमुख कार्य कुलेखानी जल विद्युत् आयोजनाको कार्यान्वयन हुनेछ । सिंचाइ, विद्युत्, जलस्रोत, सर्वेक्षण र भू-संरक्षणमा आगामी वर्षको लागि जम्मा रू. ३१ करोड ४५ लाख ५३ हजार समावेश गरिएको छ । जुन कुल विकास बजेटको १७.६३ प्रतिशत हुन आउँछ । भूक्षय रोक्न वन जङ्गल अति आवश्यक हुँदा वृक्षारोपणको साथसाथै वन संरक्षणमा पनि ध्यान दिइएको छ ।

हाम्रो देशको लागि पर्यटन एक महत्वपूर्ण उद्योग हो । यसबाट प्रत्यक्ष र अप्रत्यक्ष रोजगारीको ठूलो गुंजायस छ । परिवर्त्य विदेशी मुद्रा कमाउने स्रोतमा यसले प्रमुख स्थान ओगटेको छ । यस क्षेत्रको प्रभावकारी संवर्धनको लागि छुट्टै प्रशासकीय संगठनको परिकल्पना भएको छ ।

प्रादेशिक संतुलन र एकीकरण हाम्रो पञ्चबर्षीय योजनाको एक मुख्य उद्देश्य हो । त्यस अनुरूप लगानीको बाँडफाँड गर्ने प्रयास भएको छ । प्रस्तुत कार्यक्रममा लगानीको प्रादेशिक बाँडफाँड यस प्रकार हुन आएको छ ।

| क्षेत्र | प्रस्तावित रकम (रू. ०००) | कुल विकास बजेटको प्रतिशत | योजनामा उल्लेखित प्रतिशत: न्यूनतम कार्यक्रम अनुसार | योजनामा उल्लेखित प्रतिशत: अधिकतम कार्यक्रम अनुसार |
|---|---|---|---|---|
| पूर्वाञ्चल | १९,७२,३५ | ११.०६ | १०.०० | ९.०६ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| मध्यमाञ्चल | ७२,०७,७४ | ४०.४२ | ३९.५० | ३६.३० |
| पश्चिमाञ्चल | २२,७२,७२ | १२.७४ | ९.७० | ११.०० |
| सुदूर पश्चिमाञ्चल | ३०,२७,३२ | १६.९८ | १३.९० | १६.५० |
| राष्ट्रिय स्तर | ३३,५१,७० | १८.८० | २६.९० | २७.१४ |

विकास कार्यक्रमहरूमध्ये हालको परिस्थितिमा जनसाधारणलाई चाँडो प्रतिफल उपयोग गर्न पाउने स्वास्थ्य र शिक्षा क्षेत्र हुन्। यसैले यी कार्यक्रमहरूबाट उत्पादनमा प्रत्यक्ष देन नभए तापनि यसलाई दिई आएको प्राथमिकतालाई कायमै राखिएको अनुरूप जम्मा रू. ३२,५०,५८,००० समावेश भएको छ जुन विकास बजेटको १८.२२ प्रतिशत हुन आउँछ र गत वर्षको अनुमानित रकममा २९.२५ प्रतिशतले वृद्धि भएको छ।

हाम्रो जस्तो सानो देशले जनसंख्याको चापलाई धेरै वहन गर्न सक्दैन। यस विषय प्रति हामी बढी जागरूक भएनौं भने यस समस्याले विकराल रूप लिनेछ। अतः स्वास्थ्य कार्यक्रममा यसलाई विशेष स्थान दिई परिवार नियोजनको सेवा पुऱ्याउने संख्यामा उल्लेखनीय वृद्धि गर्ने लक्ष्य राखिएको छ।

श्री ५ महाराजाधिराज सरकारबाट शाही संबोधनमा हुकुम भएको छ "सरकारी तथा निजी क्षेत्रमा पनि आवश्यकताभन्दा बढी खर्च गर्ने प्रवृत्तिलाई हटाउनु परेको छ।" अनावश्यक तथा अनुत्पादक खर्चहरू घटाउन श्री ५ को सरकारबाट लगातार प्रयास भइरहेको छ। आगामी वर्षको कार्यक्रम तर्जुमा गर्दा पनि यस तथ्यलाई विशेष ध्यान दिइएको छ। खर्च र प्रतिफललाई विश्लेषणात्मक ढंगबाट हेर्ने प्रयास गरिएको छ। वास्तवमा कार्यक्रम बजेट प्रणालीको मुख्य आधारशीला नै यही हो।

देशको सामान्य प्रशासन होस् वा विकास कार्यक्रमको कार्यान्वयन, विना दक्ष तथा उत्साहित (Motivated) कर्मचारी वर्ग वेगर त्यो सुसञ्चालन हुन सक्दैन। अन्य अल्प विकसित देशहरूको दाँजोमा पनि हाम्रो देशका कर्मचारीहरूको तलब स्केल ज्यादै नै कम भएकोले उपलब्ध साधनले भ्याएसम्म कर्मचारीहरूको तलब स्केलमा सुधार गर्दै जानु पर्ने आवश्यकता छ। यस वर्ष पनि श्री ५ महाराजाधिराज सरकारबाट शाही संबोधनमा हुकुम बक्से बमोजिम कर्मचारीहरूको तलब तथा पारिश्रमिक वृद्धि गर्न आवश्यक रकम प्रस्तुत बजेटमा समावेश गरेको छु। देशको आर्थिक स्थिति र वित्तीय साधनलाई हेरी तल्लो श्रेणीका कर्मचारीको तलबको शुरू स्केलमा २५.१ प्रतिशत र विशिष्ट श्रेणीको तलबको शुरू स्केलमा १२.३ प्रतिशत र बीचको तलब स्केलमा त्यसको समानुपातिक क्रमले वृद्धि गर्ने र स्केल वृद्धिमा पनि केही हेरफेर गरिने भएको छ। प्रस्तावित पे-स्केल २०३३ श्रावण १ गतेदेखि लागू हुनेछ। विशिष्ट श्रेणी र राजपत्र अनंकित पाँचौं श्रेणीको शुरू तलबको र अन्तिम स्केलको अनुपात हाल १३.६ र १३.३ भएकोमा नयाँ पे-स्केल अनुसार सो अनुपात १२.२ र ११.८ हुन जानेछ।

प्रशासनलाई विकासमूलक बनाउन यसको संगठन, अधिकार प्रत्यायोजन, कार्यविधि इत्यादिमा प्रशासन सुधार आयोगबाट पेश हुने प्रतिवेदन अनुसार चाहिने व्यवस्थाहरू चाँडै हुने आशा राखेको छु।

९५७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारले सार्वजनिक सेवा, उद्योग र व्यापार क्षेत्रहरूमा निकै लगानी गरिसकेको छ। तर त्यसबाट उचित मात्रामा प्रतिफल प्राप्त हुन सकेको छैन। श्री ५ को सरकारको स्वामित्वमा रहेको तथा लेखापरीक्षण पूरा भइसकेका संस्थानहरूमध्ये २० संस्थानहरू मात्र नाफामा छन्। तर नेपाल राष्ट्र बैंकको नाफा रू. ११ करोड ८९ लाख ५० हजार भएकोले त्यसलाई कटाउने हो भने अरू संस्थानहरूबाट भएको नाफा नगण्य छ। यस प्रकार समष्टि रूपमा हेर्ने हो भने संस्थानहरूबाट नाफा हुनुको सट्टा करीव रू. ३० लाख नोक्सानी छ। यस स्थिति बारे श्री ५ को सरकारले विशेष ध्यान दिन थालेको छ। संस्थान समन्वय परिषद्‌बाट संस्थानहरूको विस्तृत अध्ययन भइरहेको छ र केही संस्थानहरू सम्बन्धी प्रतिवेदन पनि प्राप्त भएको छ। बजेटको तर्जुमा गर्दा संस्थानहरूको आगामी वर्षको कार्यकलापको पनि केही अध्ययन गरिएको छ। तिनीहरूको उत्पादन, विक्री वितरण, नाफा इत्यादि प्रमुख पक्षहरूको लक्ष्य किटान गराउने प्रयास भएको छ। जुन कार्यक्रम विवरणमा उल्लेख छन्। संस्थानहरूको संगठनात्मक सुधार आगामी वर्ष गरिनेछ।

विगत दुई वर्षको आर्थिक स्थितिको सन्दर्भमा अपनाएको मौद्रिक नीति वर्तमान अवस्थामा पनि उपयुक्त देखेकोले त्यसलाई कायमै राखिने छ। तर व्याज दरमा भने हालको आर्थिक अवस्थाको सन्दर्भमा पुनरावलोकनको गुंजायस देखिएको छ। तसर्थ कर्जाको माग र आपूर्ति स्थिति तथा वित्तीय संस्थानहरूलाई साधन उपलब्ध गराउन सकिने अवस्था हेरी नेपाल राष्ट्र बैंकले व्याज दरमा पुनरावलोकन गर्नेछ। तर यसो गर्दा मुद्राप्रदायमा कुनै प्रतिकूल असर पर्न नदिन विशेष ध्यान दिइनेछ।

राजस्वतर्फ यो वर्षको संकलन अनुमानित अङ्क भन्दा कम हुने देखिएको छ। संशोधित अनुमान गत वर्षको दाँजोमा १७.३ प्रतिशतले बढी छ। राजस्व संकलनमा कम हुनाको कारणहरू मध्ये यस वर्ष मूल्य घटेकोले मूल्यमा आधारित भन्सार र विक्रीकरबाट राजस्व घट्नु र बजारमा देखा परेको केही मन्दी प्रमुख हुन्। यसको साथै चुरोटको उत्पादनमा आएको ह्रासबाट अनुमानित भन्दा अन्तःशुल्क रकम कमी हुनु र वन पैदावारको विक्रीबाट अनुमानित आयमा करीब अढाइ करोड नपुग हुनुबाट पनि राजस्व घट्न गएको छ तर कर प्रशासनको काम प्रभावकारी ढंगबाट भैरहेका छ र यो वर्ष कर चुहावट रोक्न भएको प्रयत्नलाई उत्साहवर्धक उपलब्धी मान्नु पर्दछ। यी प्रभावकारी कदमहरूबाट आगामी वर्षहरूमा चुहावट घट्दै जाने र राजस्व वृद्धि हुने मैले आशा राखेको छु।

हाम्रो कर राजस्व कुल राष्ट्रिय आयको करीब ६ प्रतिशत मात्र छ। विकसित र विकासोन्मुख देशहरूको राजस्व परिचालन गर्न सक्ने क्षमता र उपलब्धी बारे गरिएको अध्ययन अनुसार १९६९ देखि १९७१ सम्मको औसत कर राजस्व र राष्ट्रिय आयको अनुपात श्रीलङ्काको १७.७, भारतको १३.४, मालीको १३.२, थाइलैण्डको १२.४ थियो। त्यस अवधिमा नेपालको कर राजस्व ४.४ मात्र थियो। त्यस तथ्याङ्क अनुसार नेपालको कर राजस्वको अनुपात सबभन्दा कम छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजस्व संकलनको वर्तमान स्थिति र विकासको लागि बढ्दो आन्तरिक साधनको आवश्यकतालाई दृष्टिगत राखी आगामी वर्ष कर परिवर्तनबाट केही थप राजस्व उठाउन लागेको छु। आर्थिक तथा सामाजिक विकास नै हाम्रो सर्वोपरि लक्ष्य रहेको समयमा आन्तरिक साधनको कमीले विकास प्रक्रियामा अवरोध आउन दिन नहुने देखेकोले मैले यस्तो कदम उठाउन लागेको हुँ। यसमा माननीय सदस्यहरूबाट सहर्ष समर्थन पाउने आशा राखेको छु।

विदेशी सहायताको क्षेत्रमा पनि नयाँ उपलब्धीहरू हासिल हुँदैछन्। वहुपक्षीय एवं द्विपक्षीय स्रोतबाट प्राप्त विदेशी अनुदान तथा सहूलियत पूर्ण ऋण रकममा क्रमशः वृद्धि हुँदैछ। सहायताको रकमको साथ साथै वैदेशिक सहायताको स्रोतको विविधिकरणमा नेपालले हासिल गरेको सफलता विशेष महत्वपूर्ण छ। कम से कम ३० विभिन्न स्रोतहरूबाट प्राप्त हुने वैदेशिक सहायता अन्तर्गतका कार्यक्रमहरू आगामी वर्षको बजेटमा समावेश हुन सकेको कुराले पनि यस तथ्यलाई पुष्टि गर्दछ। मित्र राष्ट्रहरूबाट द्विपक्षीय आधारमा प्राप्त हुने सहायताको रकम पनि वृद्धि हुँदैछ भने अब वहुपक्षीय सहायताको भूमिका सहायताको परिमाणको दृष्टिकोणबाट बढी महत्वपूर्ण हुन आएको छ।

आज यी स्रोतहरूबाट प्राप्त सहायता बिना ढिला सुस्ती एवं प्रभावकारी रूपमा उपयोग गर्न हाम्रो आयोजना कार्यान्वयन क्षमता अझै वृद्धि गर्नु आवश्यक छ भने अर्कोतिर वैदेशिक सहायता प्राप्त गर्ने प्रणालीलाई पनि बढी नियमित एवं सुदृढीकरण गरी नेपालको वास्तविक आवश्यकतानुसार वैदेशिक सहायता परिचालन हुन सक्ने व्यवस्था गर्न उपयुक्त कदम अपनाउन आवश्यक छ। नेपालको वास्तविक आर्थिक स्थिति, विकासको आकाँक्षा एवं यस प्रति जनताले देखाएको लगनशीलता र बाह्य साधनको आवश्यकता बारे यथार्थ स्थिति अन्तर्राष्ट्रिय क्षेत्रमा अवगत होस् र सहायता प्रदान गर्ने मित्र राष्ट्रहरू एवं अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट पनि वस्तुस्थिति अवगत गरी सकभर समन्वयात्मक रूपमा सहायता प्रदान गर्न सघाउ पुगोस् भन्ने उद्देश्यले विश्व बैंकको संयोजकत्वमा नेपालको लागि वैदेशिक सहायता समन्वय समूहको आयोजना गर्ने बारे कारवाई भइरहेको कुरा म माननीय सदस्यहरूमा जानकारी दिलाउन चाहन्छु। नेपालको विकासको आवश्यकता र यस प्रति श्री ५ को सरकार एवं नेपाली जनताले देखाएको अभिरूचीको कदर गरी हाम्रो विकासको प्रयासमा सघाउ पुऱ्याउने सबै मित्रराष्ट्रहरू एवं अन्तर्राष्ट्रिय संघ संस्थाहरूलाई यस अवसरमा धन्यवाद ज्ञापन गर्न चाहन्छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अब म गत वर्षको आय व्ययको यथार्थ र चालू वर्षको संशोधित अनुमान पेश गर्दछु। गत आर्थिक वर्ष २०३१।३२ मा विकास र साधारण गरी कुल खर्च रू. १ अरब ५० करोड २२ लाख ५६ हजार हुने संशोधित अनुमान भएकोमा वास्तविक खर्च रू. १ अरब ५१ करोड ३७ लाख ५० हजार भयो। खर्च व्यहोरिने स्रोतहरूको सम्बन्धमा राजस्व तर्फ रू. १ अरब ८५ लाख हुने संशोधित अनुमान भएकोमा यथार्थ राजस्व रू. १ अरब ८३ लाख ९३ हजार प्राप्त भएको थियो। त्यस्तै विदेशी सहायता र वैदेशिक ऋण गरी रू. ३७ करोड ५० लाख १० हजार प्राप्त हुने संशोधित अनुमान भएकोमा रू. ३८ करोड ६७ लाख ६८ हजार प्राप्त भएको थियो। आन्तरिक ऋण रू. १० करोड उठाइएकोले रू. १ करोड ८७ लाख ४६ हजार नगद मौज्दातबाट व्यहोर्ने संशोधित अनुमान भएकोमा यथार्थमा रू. १ करोड ८५ लाख ९३ हजार मात्र नगद मौज्दातबाट व्यहोर्नु पर्ने भयो।

अब म चालू आर्थिक वर्षको बजेट स्थिति बारे संक्षेपमा केही उल्लेख गर्न चाहन्छु। चालू वर्षको बजेटको न्यून शुरूको अनुमानभन्दा फरक हुन गएको छ। यसो हुनमा कुनै कारणहरू श्री ५ को सरकारको वश बाहिरको परिस्थितिबाट सृजना भएकोले हो भने कुनै कारणहरू श्री ५ को सरकारको नीतिबाट निर्देशित नयाँ कार्यक्रमहरू सञ्चालन गर्नाले हो। मैले केही दिनअघि पूरक बजेट प्रस्तुत गरेको बखत पनि यस बैठकलाई विभिन्न शिर्षकहरूमा के कति थप खर्चको आवश्यकता परेको छ भनी जानकारी दिएको थिएँ। त्यसबारे बढी उल्लेख गर्नु पर्ने आवश्यकता देखिदन।

चालू वर्षमा विकासतर्फ पूरक बजेट समेत गरी रू. १ अरब २४ करोड ८७ लाख ८८ हजार खर्च हुने संशोधित अनुमान छ जुन रकम शुरूको अनुमानभन्दा १४.२२ प्रतिशतले कम छ र पूरक अनुमान समेत जोडेमा कुल अनुमान भन्दा १७.३५ प्रतिशतले कम हुन्छ। साधारणतर्फ भने रू. ७३ करोड २६ लाख ४८ हजार खर्च हुने संशोधित अनुमान छ जुन रकम शुरूको अनुमानभन्दा ६.०१ प्रतिशतले बढी हुन्छ र पूरक अनुमान समेत जोडेमा कुल अनुमानभन्दा ०.१७ प्रतिशतले कम हुन्छ। यसप्रकार विकास र साधारण खर्च गरी जम्मा रू १ अरब ९८ करोड १४ लाख ३६ हजार खर्च हुने संशोधित अनुमान छ।

उपर्युक्त खर्च व्यहोर्ने स्रोतहरूको सम्बन्धमा राजस्व तर्फ शुरूको अनुमानमा रू १ अरब २४ करोड २१ लाख ५७ हजार प्राप्त हुने अनुमान भएकोमा बिक्री कर, अन्तःशुल्क र वनबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभिन्न कारणहरूले गर्दा कम राजस्व प्राप्त हुने भएकोले रू. १ अरब १८ करोड २६ लाख ३० हजार मात्र प्राप्त हुने संशोधित अनुमान छ। यसै गरी विदेशी सहायता तथा वैदेशिक ऋणतर्फ पनि कुनै कुनै आयोजनाहरूमा आशा गरे अनुसार वैदेशिक सहायता प्राप्त हुन नसकेको र कुनै कुनै आयोजना कार्यतालिका मुताविक सञ्चालन हुन नसकेकोले रू.७०करोड४७लाख७६हजार प्राप्त हुने शुरूको अनुमान भएकोमा रू.५२ करोड १लाख६४हजार मात्र प्राप्त हुने संशोधित अनुमान छ। यसप्रकार चालू वर्ष रू. २० करोड आन्तरिक ऋण उठाउने व्यवस्था गरी नगद मौज्दातमा कुनै परिवर्तन नगर्ने अनुमान गरिएकोमा अब सोही अनुसार आन्तरिक ऋण उठाउँदा रू. ७ करोड [illegible] लाख ४२ हजारको न्यून हुने भएकोले सो नगद मौज्दातबाट व्यहोर्ने संशोधित अनुमान छ। चालू वर्षको बजेट यस बैठकमा पेश गर्दा देशको अर्थ व्यवस्थाको स्थिति र आजको स्थितिमा निक्कै ठूलो परिवर्तन भइसकेको छ। खास गरी मूल्यको क्षेत्रमा भएको सुधार तथा शोधनान्तर स्थितिको सुधारको पृष्ठभूमिमा यो न्यूनबाट अर्थ व्यवस्थामा कुनै प्रतिकूल असर पर्ने छैन भन्ने कुरा माननीय सदस्यहरूलाई पुनः विश्वास दिलाउन चाहन्छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ३

अब म आगामी वर्षको आय व्ययको विवरण पेश गर्दछु। आगामी वर्ष विकास तर्फ रू. १ अरब ७८ करोड ३१ लाख ८३ हजार खर्च हुने अनुमान छ जुन रकम चालू वर्षको संशोधित अनुमानभन्दा ४२.८ प्रतिशतले बढी छ। त्यस्तै साधारणतर्फ रू. ८२ करोड ३४ लाख ३७ हजार खर्च हुने अनुमान छ जुन रकम चालू वर्षको संशोधित अनुमानभन्दा १२.४ प्रतिशत बढी हुन्छ। यसरी विकास र साधारण गरी आगामी वर्ष रू. २ अरब ६० करोड ६६ लाख २० हजार खर्च हुने अनुमान छ। साधारणतर्फको कुल खर्चमध्ये संवैधानिक अङ्गहरूको लागि रू. २ करोड ७८ लाख १ हजार, साधारण प्रशासनतर्फको लागि रू. १२ करोड ७१ लाख ४२ हजार, राजस्व प्रशासनको लागि रू. २ करोड४६ लाख१६ हजार, आर्थिक प्रशासनको लागि र योजनाको लागि रू. १ करोड १४ लाख ८१ हजार, न्याय प्रशासनको लागि रू. १ करोड २४ लाख ७३ हजार, वैदेशिक सेवाको लागि रू. २ करोड ५१ लाख ३० हजार र रक्षाको लागि रू. १६ करोड ४ लाख २४ हजार रकम छुट्याइएको छ। त्यसै गरी सामाजिक सेवाहरूको लागि रू. १२ करोड ६६ लाख ४६ हजार र आर्थिक सेवाको लागि रू. ६ करोड १५ लाख ४० हजार, ऋण तथा लगानीको लागि रू. ६३ लाख ५२ हजार, साँवा र व्याज भुक्तानीको लागि रू. १० करोड ६ लाख १ हजार र र विविधको लागि रू. १० करोड ३२ लाख २५ हजार रकम छुट्याइएको छ।

यसै गरी विकासतर्फ छुट्याइएको कुल रकम मध्ये आर्थिक सेवाहरूतर्फ रू. १ अरब २५ करोड ६२ लाख ३९ हजार, सामाजिक सेवाहरूतर्फ रू. ४७ करोड ७५ लाख ७५ हजार र आर्थिक प्रशासन, योजना तथा अन्य र भैपरि आउने समेत गरी रू. ४ करोड ९३ लाख ७८ हजार छुट्याइएको छ।

आर्थिक सेवातर्फ छुट्याइएको कुल रकममध्ये कृषि, सिंचाइ, भूमिसुधारमा रू. ४५ करोड ६६ लाख ९४ हजार, वनमा रू. ४ करोड ८६ लाख ७६ हजार, उद्योग तथा खानीमा रू. १२ करोड ८८ लाख १८ हजार छुट्याइएको छ। त्यसै गरी विद्युत्मा रू. १३ करोड ३६ लाख ५८ हजार, यातायात र संचारमा रू. ४४ करोड ६० लाख ७ हजार, नापी तथा अन्य आर्थिक सेवाहरूमा रू. ३ करोड ८४ लाख ७७ हजार छुट्याइएको छ।

सामाजिक सेवातर्फ शिक्षामा रू. १६ करोड ८७ लाख ४६ हजार, स्वास्थ्यमा रू. १२ करोड ६३ लाख १२ हजार, पिउने पानीमा रू. ७ करोड २६ लाख १७ हजार, पञ्चायतमा रू. ५ करोड ८८ लाख ७५ हजार र अन्य सामाजिक सेवाहरूमा रू. २ करोड १० लाख २५ हजार रकम छुट्याइएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अब म वर्तमान स्रोतबाट प्राप्त हुने राजस्वको विवरण प्रस्तुत गर्दछु । आगामी वर्ष विभिन्न स्रोतहरूबाट जम्मा रू. १ अरब ३२ करोड ६८ लाख राजस्व प्राप्त हुने अनुमान गरेको छु जुन रकम चालू वर्षको संशोधित अनुमानको १२.२ प्रतिशतले वृद्धि हुन्छ । कुल राजस्वमा कर राजस्वबाट रू. १ अरब ६ करोड २७ लाख र गैर कर राजस्वबाट रू. २६ करोड ४१ लाख प्राप्त हुने अनुमान छ । यस प्रकार कुल राजस्वमा कर राजस्वको अंश ८०.१ प्रतिशत हुने भएको छ ।

कर राजस्वतर्फ आय र मुनाफा करबाट जम्मा रू. १० करोड ७० लाख प्राप्त हुने अनुमान छ जसमध्ये आयकरबाट रू. १० करोड ५० लाख र घर बहाल करबाट रू. २० लाख हुने अनुमान छ । सम्पत्ति तथा सम्पत्तिको हस्तान्तरणमा लाग्ने करको सम्बन्धमा मालपोतबाट रू. १० करोड, शहरी क्षेत्रको घर जग्गा करबाट रू. ३० लाख, सवारी साधन करबाट रू. २५ लाख र घर जग्गाको रजिष्ट्रेशनबाट रू. ४ करोड गरी जम्मा रू. १४ करोड ५५ लाख प्राप्त हुने अनुमान छ । त्यस्तै वस्तु तथा सेवाहरूमा लाग्ने करहरूबाट जम्मा रू. ३८ करोड ४१ लाख प्राप्त हुने अनुमान छ जसमध्ये विक्री करबाट रू. १९ करोड ५० लाख, अन्तः शुल्कबाट रू. १५ करोड ६० लाख, ठेक्का करबाट रू. ७७ लाख, मनोरञ्जन करबाट रू. ७० लाख र अन्य यस्तै होटेल कर, सवारी कर र हवाई उडान कर इत्यादिबाट रू. १ करोड ५४ लाख प्राप्त हुने अनुमान छ । भन्सार जस्तो अन्तर्राष्ट्रिय व्यापारमा लाग्ने करबाट भने रू. ४२ करोड ६१ लाख प्राप्त हुने अनुमान छ । यस प्रकार कर राजस्वबाट प्राप्त हुने कुल राजस्वमा आय तथा मुनाफामा लाग्ने करबाट १०.०७ प्रतिशत, सम्पत्ति तथा सम्पत्तिको हस्तान्तरणमा लाग्ने करबाट १३.६९ प्रतिशत, बस्तु तथा सेवामा लागेको करबाट ३६.१४ प्रतिशत र अन्तर्राष्ट्रिय व्यापारमा लागेको करबाट ४०.१० प्रतिशत प्राप्त हुने अनुमान छ ।

गैर कर राजस्वतर्फ वनबाट रू. ५ करोड ५१ लाख प्राप्त हुने अनुमान छ । त्यस्तै सिंचाइबाट रू. २३ लाख, सञ्चारबाट रू. १ करोड १० लाख, यातायातबाट रू. ९५ लाख र विद्युत्‌बाट रू. १ करोड ५७ लाख प्राप्त हुने अनुमान छ । यस प्रकार सरकारी विभागहरूले सेवा उपलब्ध गराएबाट जम्मा रू. ३ करोड ८५ लाख प्राप्त हुने अनुमान छ । त्यसै गरी घर जग्गा रजिष्ट्रेशन बाहेक अन्य रजिष्ट्रेशनबाट रू. २२ लाख निजामती प्रशासनबाट रू. २ करोड २ लाख र विविधबाट रू. ५३ लाख प्राप्त हुने अनुमान छ । विगत केही वर्षहरूदेखि श्री ५ को सरकारले विभिन्न संस्थाहरूमा गरेको लगानीबाट केही संस्थाहरूले लाभांश दिन थालेको र यी संस्थाहरूको क्रियाकलापमा सुधार ल्याउने कार्यहरू भए अनुसार तथा कम्पनी र कर्पोरेशनहरूलाई दिइएको ऋणहरू पनि भुक्तानी अवधि पुग्न थालेकोले आगामी वर्ष साँवा ब्याज तथा लाभांशबाट रू. १४ करोड २८ लाख प्राप्त हुने अनुमान छ ।

उपर्युक्त आन्तरिक साधनको अतिरिक्त वैदेशिक सहायता अन्तरगत अनुदान स्वरूप रू. ४१ करोड ७४ लाख ७० हजार र सहुलियत पूर्ण ऋणको रूपमा रू. ३१ करोड ९३ लाख ३९ हजार गरी जम्मा रू. ७३ करोड ६८ लाख ९ हजार प्राप्त हुने अनुमान छ ।

यसरी विकास र साधारण गरी कुल रू. २ अरब ६० करोड ६६ लाख २० हजार खर्च हुने अनुमान भएकोमा आन्तरिक साधनबाट रू. १ अरब ३२ करोड ६८ लाख र वैदेशिक साधनबाट रू. ७३ करोड ६८ लाख ९ हजार गरी जम्मा रू. २ अरब ६ करोड ३६ लाख ९ हजार प्राप्त हुने अनुमान भएकोले जम्मा रू. ५४ करोड ३० लाख ११ हजार न्यून हुने देखिन्छ । यस न्यूनलाई पूर्ति गर्न आन्तरिक ऋण रू. ३० करोड उठाउने प्रस्ताव गरेको छु । यसरी बाँकी हुने न्यून रू. २४ करोड ३० लाख ११ हजार कसरी पूर्ति गर्न लागेको छु भन्नु अगाडि सोधनान्तर स्थिति र परिवर्त्य मुद्राको आय व्यय बारे केही भन्न उपयुक्त देख्तछु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५१

गत वर्षको तुलनामा चालू वर्ष देशको सोधनान्तर स्थिति धेरै सुध्रिएको कुरा माथि उल्लेख गरिसकें । देशको बढ्दो विकास कार्यको लागि एकातिर हाम्रो आयातको आवश्यक वृद्धि हुँदै गइरहेको छ भने अर्कोतिर वैदेशिक ऋण मोचनको भार पनि क्रमशः बढ्दै गइरहेको छ। यसको अतिरिक्त अन्तरराष्ट्रिय व्यापारको असर कोरा मालहरू निर्यात गर्ने देशहरूको विपक्ष हुँदै गएको सन्दर्भमा हामीले अब सोधनान्तर स्थितिको सम्बन्धमा पनि बढी सचेष्ट हुनुपर्ने स्थिति आएको छ । यसै सन्दर्भमा अब म चालू आर्थिक वर्षको परिवर्त्य मुद्राको आय व्ययको संशोधित अनुमान र आगामी आर्थिक वर्षको अनुमान प्रस्तुत गर्दछु । यस वर्ष परिवर्त्य मुद्राको आय व्ययमा रू. ९ करोड ३५ लाख वचत हुने संशोधित अनुमान छ । तर समाशोधन खाताको दायित्व तथा अन्य वैदेशिक दायित्वमा हुने परिवर्तनलाई समेत हिसाब गर्दा कुल वैदेशिक सम्पत्तिमा रू. १८ करोडको वृद्धि हुने संशोधित अनुमान भएको मैले माथि उल्लेख गरिसकें । यस प्रकार चालू वर्ष शुरूमा रू. ८ करोड ६० लाख घाटा हुने अनुमानको वावजूद उल्लेखनीय रूपले वचत भएको छ। यसो हुनुमा गत वर्षको दाँजोमा यस वर्ष आयतर्फ २२.१० प्रतिशतले वृद्धि हुनु र खर्चतर्फ भने ३० प्रतिशतले घट्नु हो। यस वर्ष आयतर्फ मालसामानको निर्यात र पर्यटनबाट आर्जन हुने रकममा क्रमशः ९० प्रतिशत र ४२ प्रतिशत वृद्धि हुने अनुमान छ। तर व्ययतर्फ भने आयात तथा विविध क्रमशः ३२.७ प्रतिशत र ६८.३ प्रतिशतले घट्ने अनुमान छ । यस प्रकार आय तर्फ शुरूको अनुमानभन्दा निक्कै वृद्धि हुनु हाम्रो निर्यातको क्षेत्रमा देखा परेको सकारात्मक प्रवृत्ति हो । त्यस्तै नेपालको अर्थ व्यवस्थामा पर्यटन उद्योगको महत्वपूर्ण भूमिका पनि स्पष्ट हुँदै गएको छ । तथापि यस वर्षको अनुकूल स्थितिलाई हेरी दीर्घकालीन दृष्टिकोणबाट सन्तोष मानी बस्ने वेला छैन।

आगामी वर्षको लागि परिवर्त्य मुद्राको आय रू. ७१ करोड ८ लाख र व्यय रू. ७६ करोड २० लाख हुने अनुमान छ। यस प्रकार रू. ५ करोड १२ लाख घाटा हुने अनुमान छ। आगामी वर्ष पनि निर्यात वृद्धि गर्न श्री ५ को सरकारले निर्यातमूलक उत्पादन वृद्धि गर्ने नीति कायम नै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राखी अझ यसलाई बढी प्रभावकारी बनाउने तर्फ प्रयास गर्नेछ । तथापि जुन दरमा यस वर्ष हाम्रो निर्यात वृद्धि हुन सक्यो त्यही दर अब कायम गर्न मुश्किल हुन्छ । तसर्थ निर्यातबाट यस वर्षको दाँजोमा रू. १ करोड मात्र बढी हुने अनुमान गरिएको छ । यस वर्षको तुलनामा आगामी वर्ष आयमा हुने वृद्धि अधिकांश रूपमा पर्यटनबाटनै आर्जन हुने अनुमान गरिएको छ । खर्च तर्फ भने चालू वर्ष निर्माण सामग्रीहरुको स्टक रहेकोले आयात घटी भयो । आगामी वर्ष यो स्थिति नहुँदा विकासका वस्तुहरूको आयातमा उल्लेखनीय रूपले वृद्धि हुने अनुमान छ । त्यस्तै उपभोग्य वस्तुहरूमा आयात पनि केही वृद्धि हुने अनुमान गरिएको छ ।

विगत वर्षहरूमा परिवर्त्य मुद्राको बढ्दो संचितिको परिप्रेक्षमा साधन सम्बन्धी प्रमुख समस्या आन्तरिक साधनको नै थियो । वास्तवमा भन्ने हो भने विदेशी मुद्राको संचितिबाट घाटाको अर्थ व्यवस्था समेत धान्न सघाउ पुगेको थियो । सरकारी क्षेत्रमा होस् वा गैर सरकारी क्षेत्रमा होस् जे जति मितव्ययिताका कदमहरू लिइयो त्यो सबै आन्तरिक साधनको आवश्यकता र बचतको दृष्टिकोणबाट नै निर्देशित थियो । तर त्यो परिस्थिति अब छैन । विकास कार्यक्रमहरुको बढ्दो आवश्यकतालाई पूर्ति गर्न आन्तरिक साधनको परिचालनको आवश्यकता अझ बढेको छ भने व्यापार एवं भुक्तानी सन्तुलन जस्ता नयाँ प्रश्नहरूको सृजनाबाट आर्थिक व्यवस्थापन सम्बन्धी कार्य पनि बढी जटिल हुन गएको छ । तसर्थ सरकारी तथा गैर सरकारी क्षेत्रमा हुने खर्चलाई आन्तरिक साधन एवं आर्थिक स्थितिको सन्दर्भमा मात्र नहेरी देशको भुक्तानी स्थितिबाट समेत निर्देशित भई नियन्त्रण गर्नुपर्ने स्थिति छ ।

गह

१६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९

आयको वर्तमान स्रोत, आन्तरिक ऋण र वाह्य स्रोत समेतबाट प्राप्त हुने जम्मा रकम र साधारण र विकास खर्चको बीचको अन्तर रू. २४ करोड ३० लाख ११ हजार भए… अघि उल्लेख गरिसकें। त्यत्तिको रकम न्यूनवित्त परिचालनद्वारा पूर्ति गर्न आर्थिक दृष्टिकोणले वाञ्छनीय छैन। आर्थिक स्थितिमा असंतुलन ल्याउने कुनै पनि कदम लिन युक्तिसंगत छैन भन्ने कुरा मैले उल्लेख गर्नु पर्ने होइन। यसकारण अधिकाँश रकम राजस्वबाटै उठाई यो न्यूनलाई सकभर पूर्ति गर्ने लक्ष्य राखेको छु।

थप राजस्व उठाउँदा न्यायको दृष्टिकोणले प्रत्यक्ष कर तर्फनै बढ़ता ध्यान दिनु उचित कुरा हो। तर हाम्रो जस्तो निम्न आय भएको देशमा प्रत्यक्ष करबाट विशेष वृद्धि गर्न संभव छैन। हाम्रो आर्थिक बनौटले गर्दा अप्रत्यक्ष करबाटनै बढी राजस्व उठाउनु पर्ने अनिवार्यता छ। तर करको दर हेरफेरमा सर्वसाधारणलाई भने यथाशक्य कम भार पर्ने दृष्टिकोण राखेको छु।

उद्योगलाई संवर्द्धन गर्ने एक माध्यम कर व्यवस्था पनि हो। अतः नेपाल उद्योग वाणिज्य संघको सुझावलाई समेत दृष्टिगत गरी स्वदेशी उद्योगको संरक्षण तर्फ पनि ध्यान दिएको छु।

अहिलेको मूल्य स्थितिको सन्दर्भमा आय कर छुट सीमा केही कम देखिएकोले त्यसमा केही परिवर्तन गर्न उपयुक्त सम्झेको छु। कर छल्ने प्रवृत्तिलाई हेर्दा करको दर वर्तमान परिस्थितिमा अलि बढी महशूस भएकोले यसलाई पनि केही घटाउन युक्तिसंगत देखेको छु।

करको दर हेरफेर नगरी प्रशासनिक कदमहरूबाट आय बढाउने गत केही वर्षदेखिको प्रयासतर्फ बढी जोड दिने भएको छु। गैर कर क्षेत्रहरूबाट पनि विशेष व्यवस्थाद्वारा आय बढाउ… ध्यान दिइएको छ। यसबाट पनि उल्लेखनीय थप आय उपलब्ध हुने आशा राखेको छु।

यसरी न्यूनरकम पुऱ्याउन देहायका उद्देश्यहरू अनुसरण गरी थप राजस्व जुटाउन खोजेको छु।

(१) खर्च र आयको बीच पर्न आएको अन्तर यथाशक्य थप राजस्वबाट पूर्ति गर्ने।
(२) सीमित आय भएका समूहलाई करको भार केही हलुका गर्ने।
(३) करदाता उपरको करको बोझ केही घटाई कर छल्ने प्रवृत्तिलाई निरूत्साह गर्ने।
(४) उद्योगहरूलाई विदेशी प्रतिस्पर्धाबाट केही संरक्षण दिने।
(५) विशेष प्रशासनिक कदमहरूद्वारा कर र गैर कर राजस्वमा उल्लेखनीय वृद्धि ल्याउने।

१८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अब म कर परिवर्तन सम्बन्धी प्रस्तावहरू पेश गर्दछु । पहिले प्रत्यक्ष कर तर्फको हेरफर उल्लेख गर्दछु ।

सीमित आय भएका व्यक्तिलाई करको भार केही हलुका होस् भन्ने ध्येयले अविवाहित व्यक्तिलाई रू. ५५००, विवाहित दम्पतिलाई रू. ६५००, र परिवारलाई रू. ७५०० को आयमा कर छुट दिइ आएकोमा २०३३।३४ को आयमा लागू हुने गरी आयकर छुट सीमा अविवाहितलाई रू. ६५००।– दम्पतिलाई रू. ७५००।– र परिवारलाई रू. ८५००।– निर्धारण गरिएको छ । फर्म, कम्पनी इत्यादि संगठित संस्थालाई साविक बमोजिम कर छुट दिइने छैन । करको दर यस प्रकार हुनेछ :–

(क) व्यक्ति, दम्पति र परिवार

| | | | |
|---|---|---|---|
| छुट पछिको | रू. | १०,००० | ५ प्रतिशत |
| त्यसपछिको | रू. | १०,००० | १० प्रतिशत |
| " | रू. | १०,००० | २० प्रतिशत |
| " | रू. | १०,००० | ३० प्रतिशत |
| " | रू. | २,००,००० | ४० प्रतिशत |
| " | रू. | ५,००,००० | ४५ प्रतिशत |
| त्यसमाथि जति सुकैमा | | | ५१ प्रतिशत |

(ख) फार्म, संगठित संस्था र अस्थायी बासिन्दा

| | | | |
|---|---|---|---|
| पहिलो | रू. | १०,००० | १० प्रतिशत |
| त्यसपछिको | रू. | १०,००० | २० प्रतिशत |
| " | रू. | १०,००० | ३० प्रतिशत |
| " | रू. | २,००,००० | ४० प्रतिशत |
| " | रू. | ५,००,००० | ४५ प्रतिशत |
| त्यसमाथि जतिसुकैमा | | | ५१ प्रतिशत |

यसबाट आयकरमा रू. १ करोड ५० लाख जति आय घट्ने देखिन्छ । तर यसबाट कर छल्ने प्रबृत्ति घट्न गई यो घाटा धेरै हदसम्म पूर्ति हुने आशा राखेको छु ।

खेतीको आय निर्धारण गर्दा हाल ५ बिगहा र सो बराबरको जग्गालाई छुट दिई बाँकी जग्गाको मात्र आय कायमगरी त्यसमा अरू आयमा सरह छुट दिइ आयकर निर्धारण गरिआएकोमा यसरी दोहरो छुट दिन न्यायोचित दृष्टिबाट आवश्यक नदेखिएकोले ५ बिगहा र सो सरहको छुट खारेज गरिएको छ । २०३३।३४ को खेतीको आय निर्धारण गर्दा संपूर्ण जग्गाको गरिनेछ र खेतीको आयको दरमा पनि केही वृद्धि गर्न उचित देखिएकोले नयाँ दर यसरी तोकिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| जग्गाको किसिम | प्रति बिगहा खुद आय |
|---|---|
| अवल | रू. ८५० |
| द्वयम | रू. ६०० |
| सीम | रू. ४५० |
| चाहार | रू. ३०० |

प्रस्तावित व्यवस्था अनुसार रू. २५ लाख थप आयकर प्राप्त हुने अनुमान छ । तर थप राजस्व मुख्यत २०३४।३५ मा मात्र प्राप्त हुनेछ ।

हवाई यातायात विकासको लागि ठूलो रकम लगानी भइ सकेको छ । यसबाट केही बढी आय उठाउनु आवश्यक देखेको छु । यसैले हवाई उडान कर अन्तरराष्ट्रिय उडानमा प्रतिव्य- रू. ३०।– र आन्तरिक उडानमा श्री ५ को सरकारले तोकेको दुर्गम क्षेत्रको उडान बाहेक अरूमा प्रतिव्यक्ति रू. १०।– आगामो आर्थिक वर्षदेखि लगाइनेछ । यसबाट रू. १५ लाख थप राजस्व उठ्ने अनुमान छ ।

आगामी वर्षदेखि लागू हुने गरी मनोरञ्जनकरमा देहायको वृद्धि गर्न लागेको छु ।

| | | |
|---|---|---|
| रू. –।५० पैसासम्म | प्रवेशशुल्क लागेकोमा | ४० प्रतिशत |
| रू. –।५१ देखि रू. १।– सम्म | " " | ५५ प्रतिशत |
| रू. १।०१ देखि रू. १।५० सम्म | " " | १२० प्रतिशत |
| रू. १।५१ देखि रू. २।– सम्म | " " | २०० प्रतिशत |
| रू. २।– भन्दा माथि | " " | २५० प्रतिशत |

यो हेरफेर अनुसार मनोरञ्जन करबाट रू. २० लाख थप आय हुने देखिन्छ । अरू सबै प्रत्यक्ष करहरू (मालपोत लगायत) साविक बमोजिम कायम गरिएको छ ।

अब म अप्रत्यक्ष कर तिर लाग्दछु । न्यायोचित दृष्टिकोणले प्रत्यक्ष करबाट बढ्ता राजस्व उठाउनु राम्रो हो । तर हाम्रो जस्तो निम्न आय भएको देशमा प्रत्यक्ष करबाट धेरै रकम उठाउन सम्भव हुँदैन । अप्रत्यक्ष करको माध्यम नअपनाइ आवश्यक रकम उठाउन सकिंदैन । अत: सर्वसाधारण जनतालाई सकभर कम बोझ पर्ने गरी अप्रत्यक्ष करहरूबाट अधिकांश थप राज उठाउन लागेको छु । अप्रत्यक्ष कर सम्बन्धी परिवर्तनहरू अब म उल्लेख गर्दछु ।

बिक्रीकर मालसामान हेरी ५ र १० प्रतिशत लगाइ आएकोमा अब उप्रान्त ८ र १२ प्रतिशत लगाइने छ र हाल भए बमोजिम स्रोत मै असूल गरिनेछ । यसबाट रू.४ करोड ७५ लाखको राजस्व वृद्धि हुने अनुमान छ ।

अन्त:शुल्कको सम्बन्धमा केही नयाँ उत्पादित वस्तुहरूमा लगाउनुको साथै हाल भइरहेको केही अन्त:शुल्कको दरहरूमा हेरफेर गर्न लागेको छु । अन्त:शुल्क लाग्ने नयाँ वस्तुहरू र त्यसको दर यस प्रकार छन् ।

| | |
|---|---|
| १. चिया प्रति किलो ग्राम | रू. १।– |
| २. स्क्वास प्रति लिटर | रू. १।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९६

३. सोडा बाहेक अरू सफ्ट ड्रिंक्स प्रति लिटर रू. १।–
४. टीन बन्द फलफूल प्रति किलोग्राम रू. १।–
५. खुदो (मोलासेज) प्रति क्विन्टल रू. ३।–
६. आधुनिक मिलबाट उत्पादित मैदा प्रति किलोग्राम रू. –।१०
७. साबुन प्रति किलोग्राम
(क) लुगा धुने रू. –।५०
(ख) नुहाउने रू. १।–
८. प्लाष्टिकका वस्तुहरू प्रति किलोग्राम रू. १।–
९. स्टिलका फर्निचर मोल प्रतिशत १०।–
१०. समिलबाट चिरानी गरेका सबै किसिमका काठ प्रति क्यूबिक फूट ।१०

अन्तःशुल्कको भइरहेको दरमा केही बृद्धि गरी देहायबमोजिम कायम गरिएको छ।

१. बिडी प्रति हजारमा रू. ३।–
२. सलाई प्रति ग्रूसमा रू. ६।–
३. स्टीलका भाडा प्रति किलोग्राममा रू. १०।–
४. खाडसारी चिनी प्रति क्विन्टल रू. २०।–
५. चिनी प्रति क्विन्टल रू. ८०।–
६. निम्न खालको रक्सी (४० यू.पी. र सो भन्दा कमको प्रति लिटर) रू. ५।–
७. बियर प्रति लिटर रू. ७।५०
८. मेथिलेटेड स्पिरिट प्रति लिटर रू. २।–
९. रेक्टिफाइड स्पिरिट प्रति लिटर रू. १०।–
१०. कत्था प्रति किलोग्राम रू. १।–
११. विदेशी ऊनी कोरामालबाट तयार भएको धागो प्रति किलोग्राम रू. १०।–
१२. चुरोट प्रति हजार खिल्ली
(क) रू. २० सम्म पर्नेमा रू. ३०।–
(ख) रू. ५० सम्म पर्नेमा रू. ५०।–
(ग) रू. १०० सम्म पर्नेमा रू. ७०।–
(घ) रू. २०० सम्म पर्नेमा रू. १२०।–
(ङ) रू. २०० भन्दा बढी पर्नेमा रू. १५०।–
१३. मीलबाट प्रशोधित चामल प्रति किलोग्राम रू. –।०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९६

१४. मीलबाट प्रशोधित तेल प्रति लिटर रू. –।३०

प्रस्तुत अन्तःशुल्क दरहरू तुरुन्त लागू हुने छन् ।

अन्तःशुल्क बापत साना चामल र तेल कारखानाहरूलाई फ्ल्याट दरमा लगाइएको करहरू पनि देहाय बमोजिम परिवर्तन गरिएको छ ।

१. चामल कारखाना

(क) १० अश्व शक्तिसम्म परिचालित रू. ६००।– वार्षिक
प्रत्येक अतिरिक्त हलर के रू. १००।– "

(ख) ११ देखि माथि १८ अश्व शक्तिसम्म परिचालित रू. १५००।– "
प्रत्येक अतिरिक्त हलर के रू. ६००।–

(ग) १९ देखि माथि २५ अश्व शक्तिसम्म परिचालित रू. ३०००।– "
प्रत्येक अतिरिक्त हलर के रू. ६००।– "

१. तेल कारखाना

(क) १० अश्व शक्तिसम्म परिचालित रू. ४००।– वार्षिक
प्रत्येक अतिरिक्त एक्सपेलर के रू. २००।– "

(ख) ११ देखि माथि १८ अश्व शक्तिसम्म परिचालित रू. ६००।– "
प्रत्येक अतिरिक्त एक्सपेलर के रू. ४००।– "

(ग) १९ देखि माथि २५ अश्व शक्तिसम्म परिचालित रू. १२००।– "
प्रत्येक अतिरिक्त एक्सपेलर के रू. ६००।– "

साना चामल र तेल कारखानाहरूमा प्रस्तावित नयाँ फ्ल्याट दरहरू आगामी आर्थिक वर्षदेखि लागू हुनेछ ।

अरू अन्तःशुल्क दरहरू यथावत कायम गरेको छु । अन्तःशुल्कको यी परिवर्तनहरूबाट रू. ३ करोड २० लाख थप राजस्व सङ्कलन हुने देखेको छु ।

भन्सारमा निर्याततर्फ चामल र लकडीमा भन्सार दरबन्दी केही बढाएको छु । राइस ब्रान उद्योगको सम्बर्धनको लागि ढुटो इत्यादिमा पनि भन्सार दर केही बढाइएको छ ।

आयाततर्फ हाम्रो उद्योगहरूलाई संरक्षण दिनको लागि औषधि, साबुन, बिस्कुट, टीन कण्टेनर, बिजुली चीम इत्यादिमा भन्सार तथा सरचार्जमा केही वृद्धि गरेको छु । भारतमा अन्तः शुल्क लागेका केही वस्तुहरूको रकम पूरा फिर्ता लिनको लागि तेस्रो मुलुकहरूको आयात दरबन्दीमा आवश्यक हेरफेर गरेको छु । केही थप राजस्व उठाउने उद्देश्यले मट्टितेल बाहेक पेट्रोलियम पदार्थ र केही उपभोग्य वस्तुहरूमा पनि आयात महसूल दरबन्दी केही वृद्धि गरेको छु । संशोधित भन्सार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरबन्दी अनुसूचीमा दिएको छ। बाँकी दरबन्दी साबिक बमोजिम कायम गरिएको छ। संशोधित भन्सार दरबन्दी तत्काल लागू हुनेछ । भन्सार दरबन्दीको हेरफेरबाट रू. ३ करोड थप राजस्व आउने अनुमान गरेको छु।

राजमार्गहरूमा चल्ने जीप, कार, मिनीबसजस्ता लाइट भेहिकलमा सरदर प्रति किलो मिटर –।१० पैसा र ट्रक, बस इत्यादि हेभी भेहिकलमा –।१५ पैसा लगाइ आएकोमा आगामी आर्थिक वर्षदेखि जीपकार, मिनी बस इत्यादिमा सरदर प्रति किलोमिटर –।२० पैसा र ट्रक, बस, इत्यादिमा –।३० पैसाका दरले सवारीकर लगाइने छ। यसबाट रू. ७५ लाख थप आय हुने अनुमान छ ।

यी सबै कर परिवर्तनबाट जम्मा रू. १२ करोड ५ लाख थप राजस्व उठ्ने छ।

श्री ५ को सरकारको अरू स्रोतबाट हुने थप आय बारे अब उल्लेख गर्दछु।

सिंचाइ विकासको लागि भएको लगानीलाई दृष्टिगत राखी पानीपोतको दरमा केही संशोधन हुन लागेको छ। त्यसबाट आगामी वर्ष रू. ८० लाख थप आय हुने अनुमान छ।

हुलाकको महसूल दरमा पनि परिवर्तन हुन लागेको छ । त्यसबाट रू. ३० लाख थप राजस्व आय हुने अनुमान गरिएको छ।

झोरा कमिशनले वितरण गरेको जग्गाको लकडी र नयाँ बसोबास गराइएको स्थानमा गरिएको फडानीबाट आएको लकडीको उपयुक्त व्यवस्थाद्वारा आगामी वर्ष बिक्री गरी घटिमा रू. ५ करोड थप आय प्राप्त गर्ने लक्ष्य छ।

हाल आवादी दर्ता गर्ने सम्बन्धमा गत वर्ष पनि केही उल्लेख गरेको थिएँ। यसमा आगामी वर्ष ठोस प्रगति हुने देखेको छु। यसबाट रू. ७५ लाख जति थप राजस्व आउने अनुमान छ।

अब बक्यौता कर राजस्वबारे केही भन्न चाहन्छु। बक्यौता कर मुख्यत मालपोत र आयकरतर्फ छ। आयकरतर्फ बक्यौता उठाउनलाई एक अधिकारयुक्त आयोग गठन गर्नेतर्फ कारवाई भइरहेको छ। त्यस्तै मालपोत सम्बन्धी नयाँ विधेयकको तर्जुमा भइरहेको छ। यी व्यवस्थाद्वारा रू. ३ करोड जति बक्यौता उठाउने लक्ष्य राखेको छु।

यी उल्लेखगरेको स्रोतबाट जम्मा रू. ९ करोड ८५ लाख उठ्ने अनुमान गरेको छु।

यसरी करको परिवर्तनबाट रू. १२ करोड ५ लाख र अतिरिक्त स्रोतबाट रू. ९ करोड ८५ लाख गरी जम्मा रू. २१ करोड ९० लाखको थप राजस्व उठाउने व्यवस्था गरेको छु। यसबाट अघि उल्लेख गरेको न्यून रू. २४ करोड ३० लाख ११ हजार पूर्ति भई खुद न्यून रू. २ करोड ४० लाख ११ हजार रहन आउँछ। यति न्यून मौज्दात बाटै व्यहोरिनेछ।

यस प्रकार हाम्रो कुल व्यय रू. २ अरब ६० करोड ६६ लाख २० हजार मध्ये आन्तरिक स्रोतबाट रू. १ अरब ८६ करोड ९८ लाख ११ हजार अर्थात कुल व्ययको ७१.७ प्रतिशत र विकासतर्फको खर्च रू. १ अरब ७८ करोड ३१ लाख ८३ हजारमा आन्तरिक स्रोतबाट रू. १ अरब ४ करोड ६३ लाख ७४ हजार अर्थात् ५८.७ प्रतिशत व्यहोरिने भएको छ। यसरी विकास खर्चमा आन्तरिक स्रोतबाटै यति योगदान गर्न सक्नु उत्साहवर्धक सम्झेको छु।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५५

६

अब म आगामी वर्षको बजेटको मौलिक बुंदाहरू छोटकरीमा राख्न चाहन्छु। प्रस्तुत बजेटमा पेश भएका नीति तथा कार्यक्रमहरू श्री ५ महाराजाधिराज सरकारबाट यस अधिवेशनमा बक्सेको शाही सम्बोधन अनुरूप तर्जुमा गरिएका छन्। विकासको गतिलाई स्वचालित अवस्थामा पुऱ्याउन सरकारी र नीजि क्षेत्रले लगातार प्रयास जारी गर्नुपर्ने अनिवार्यता छ। विगत वर्षहरूमा हामीहरूले गरेका प्रगतिहरूलाई सकारात्मक दृष्टिकोणबाट हेरेर त्यही जगमाथि भविष्य निर्माण गर्ने अभिभारा आज हामी सबैको अगाडि छ। देशको चौतर्फी विकास र बहुसंख्यक जनताको आर्थिक उन्नतिसंग हाम्रो भविष्य आवद्ध छ। विकासको लक्ष्य हासिल गर्ने बजेटमा विशेष रूपमा ध्यान दिइएका कुराहरू निम्न हुन्:

१. विकासको प्रक्रियामा बढ्दो जन सहभागिता

२. योजनाबद्ध विकासको लागि आवश्यक आर्थिक साधनको परिचालन

३. उपयुक्त कार्यक्रम

४. विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न सक्ने सक्षम प्रशासन

आगामी वर्ष बजेट तर्जुमा गर्दा यी सबै पक्षलाई विशेष रूपमा ध्यान दिइएको छ। जनसहभागिता बढाउने कुरा बजेटको खर्चको अंशबाट हेर्दा सानो देखिए तापनि वास्तवमा यस पक्षलाई अगाडि सारेर प्रस्तुत बजेटले एक महत्वपूर्ण अध्यायको सामयिक शुरूआत गरेको छ। केन्द्रबाट निर्देशित ग्रामीण विकास, साझा तथा स्थानीय विकास कार्यक्रम यसको एक पक्ष हो भने देशव्यापी रूपमा प्रत्येक पञ्चायतले आफ्नो तहबाट साधन जुटाउने र स्वावलम्बी बन्ने अभियान शुरूआत यसको अर्को प्रमुख पक्ष हो। वास्तवमा भविष्यको विकासको गतिविधि यो पक्ष जुन रूपमा अगाडि बढ्न सक्दछ, त्यसैमा बढता निर्भर छ।

देशमा शान्ति सुरक्षा कायम गर्ने, दैनिक प्रशासन चलाउने र विकास कार्यक्रमहरू सञ्चालन गर्ने जुनसुकै राष्ट्रको पनि प्रमुख कर्तव्य हो र यी सबै काम एक अर्काको पूरक मानिन्छन्। यसको लागि साधनको आवश्यकता बढ्दै जाने कुरा पनि अवश्यम्भावी छ। आफ्नो विकासको मुख्यभार हामी आफूलेनै व्यहोर्नु पर्ने तथ्य स्वीकार्नु पर्दछ। यसै दृष्टिकोणले प्रस्तुत बजेटमा राजस्वको परिचालन उल्लेखनीय मात्रामा प्रस्ताव गरेको हुँ।

पञ्चायती व्यवस्थाको एक प्रमुख आर्थिक पक्ष स्थानीय स्रोतको परिचालन हो भने शोषणरहित समाजको सृजना गर्ने लक्ष्य राखेको यस व्यवस्थामा सामाजिक न्यायको प्रतिस्थापन अर्को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमुख उद्देश्य हो । आर्थिक दृष्टिकोणले ज्यादै पिछडिएको अवस्थामा रहेको हाम्रो देशमा अपेक्षाकृत रूपले बढी विकसित देखिने क्षेत्रभित्र पनि कायम रहेको गरिबीलाई दृष्टिगत गर्दा अन्य कतिपय विकासोन्मुख देशहरूको तुलनामा क्षेत्रीय असन्तुलन त्यति निराशापूर्ण देखिंदैन । त्यस्तै भरखर मात्र विकासको बाटोमा लम्केको हाम्रो देशमा वास्तवमा धनी कहलाइने वर्ग पनि ज्यादै सीमित छ। यस परिप्रेक्षमा विचार गर्दा क्षेत्रीय सन्तुलन र सामाजिक न्याय सम्बन्धी उद्देश्यहरू परिपूर्ति गर्ने कार्य पुनर्वितरणसम्बन्धी नीतिमा मात्र आधारित नगरी विकास खर्चको बाँडफाँड र लगानीको विकेन्द्रीकरणबाट समेत प्रभावित गर्नुपर्ने हुँदा सन्तुलित क्षेत्रीय विकासको नीति अपनाइएको हो ।

प्रस्तुत बजेटले यसरी एकातिर थप कर प्रस्तावहरूबाट बढी राजस्व परिचालन गरी विकासमा लगाउन देशका हरेक वर्गले आफ्नो क्षमतानुसार वहन गर्नु पर्ने अभिभारा औंल्याएको छ भने केन्द्रीय साधनको यथोचित बाँडफाँडको अतिरिक्त स्थानीय स्रोत र स्थानीय नेतृत्वको परिचालनबाट मात्र वास्तवमा सन्तुलित एवं न्याय पूर्ण विकास प्रक्रिया कायम गर्न सकिन्छ भन्ने तथ्यलाई अङ्गालेको छ । जहाँसम्म साधारण जनताको प्रश्न छ तिनलाई तत्कालीक सुविधाको रूपमा एक दुई सहुलियत वा रिहायत भन्दा वास्तवमा विकास प्रक्रियालाई तीव्रतर तुल्याई उत्पादन वृद्धि गरेर नै जीवनस्तरमा अनुकूल असर पार्न सकिने हुँदा उत्पादन वृद्धि तिर यथासम्भव प्रयास गरिएको छ ।

यस सन्दर्भमा उपयुक्त कार्यक्रम तर्जुमा गर्नकोलागि यो वर्ष विशेष रूपमा जोड दिइएको कुरा मैले माथि प्रस्तुत गरेको कार्यक्रमको झलक र बजेट साथै प्रस्तावित वार्षिक कार्यक्रमबाट देखिन्छ। वास्तवमा हाम्रो लागि बढी साधन जुटाउन जति आवश्यकता छ त्यत्तिनै आवश्यक साधनको प्रभावकारी उपयोग गर्ने परिपाटी कायम गर्नु छ । केवल खर्च गरेर मात्र आर्थिक प्रगति नहुने हुँदा आगामी वर्षको कार्यक्रम तर्जुमामा खर्च र प्रतिफललाई केलाएर हेर्ने प्रयास गरिएको छ र आयोजनाबाट बढी से बढी आर्थिक लाभ उठाउने गरी कार्यक्रम तर्जुमा गरिएको छ । यस सन्दर्भमा राष्ट्रिय योजना आयोगबाट अपनाइएको नयाँ मूल्याङ्कन पद्धतिले पनि विकास कार्यक्रमलाई प्रतिफल मूलक बनाउने छ र हाम्रो उपलब्धीहरू पनि स्पष्ट रूपमा देखा पर्नेछ ।

सुरक्षा र विकासको बीच सामान्यतः रहिआएको सम्बन्ध बाहेक श्री ५ महाराजाधिराज सरकारबाट शाही सम्बोधनमा सुरक्षामा भएको लगानीले विकासको प्रक्रियामा पनि सघाउ पुऱ्याउने कुराको संकेत बक्सेको छ ।

सक्षम प्रशासन विकास कार्यक्रमको आधारशीला हो । यसको दक्षता बढ्दै गएको प्रत्येक वर्ष भइरहेको प्रगतिबाट देखिएकै छ । लेखा स्रेस्तातर्फ उल्लेखनीय प्रगति भएको छ । सर्वप्रथम महालेखापरीक्षकबाट श्री ५ को सरकारको २०३१।३२ को सम्पूर्ण आय व्ययको लेखा परीक्षण यो वर्ष सम्पन्न भयो । यसरी लेखा व्यवस्थित भएकोले अब विकासतर्फ आर्थिक वर्षको अन्तमा बाँकी रहन आउने बजेट रकम सर्व सञ्चित कोषमा दाखिला गर्न नपर्ने गरी सम्बन्धित कार्यालयकै खातामा जिम्मावारी सार्न पाउने व्यवस्था गरेको छ । यसबाट पनि विकास कार्यको सञ्चालनमा मद्दत हुन जानेछ ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाम्रो दैनिक प्रशासन र विकास कार्य सन्चालनको बढ्दो कार्य बोझ र जटिलता अनुरूप प्रशासनमा गतिशीलता ल्याई बढी सक्षम र सुदृढ बनाउन आवश्यक छ । यस सम्बन्धित आवश्यक सुधारहरू निकट भविष्यमा नै हुनेछ । कुशलता ल्याउन प्रोत्साहन पनि आवश्यक छ । यसैले कर्मचारी वर्गलाई समय समयमा सहुलियत बढाइँदै आइरहेको छ र यो पटक पनि तलब वृद्धि गर्न लागेको अघि उल्लेख गरि सकें । सामयिक सुधार कार्यक्रम तथा प्रोत्साहनबाट हाम्रो प्रशासकहरू उत्साहित भई बढी जिम्मेवारी वहन गर्न सक्ने छन् भन्ने श्री ५ को सरकारले विश्वास गरेको छ ।

देशको व्यापार र औद्योगिकरणको महत्वलाई दृष्टिगत गर्दा यस क्षेत्रमा अझ बढी प्रयासको आवश्यकता देखिएको छ । वास्तवमा सधैं कोरा कृषिजन्य वस्तुहरू निकासी गर्ने र औद्योगिक वस्तुहरू पैठारी गरेर प्रतिकूल व्यापार भुक्तानी स्थितिलाई सधैं कायम राख्ने स्थिति आज कुनै पनि मुलुकलाई सुहाउने कुरा होइन । यस सन्दर्भमा यत्रतत्र छरिएको साना पूंजीलाई सञ्चालित गरेर संगठित व्यापार र औद्योगिकरणको कार्यक्रम शुरू गर्न म देशका उद्योगपति तथा व्यापारी सबैलाई आह्वान गर्दछु । यस प्रकार अप्रशोधित वस्तुहरूलाई प्रशोधन गर्ने र बाहिरबाट आउने वस्तुहरूमा सकभर आत्मनिर्भर बन्नसक्ने उद्योग खडा गर्ने काममा श्री ५ को सरकारले यथाशक्य प्रश्रय र सहयोग प्रदान गर्ने छ र औद्योगिकरण र व्यापार प्रवर्द्धनको नाउँमा केवल सहुलियत खोज्ने वा आर्थिक स्थितिमा विकृति आउने प्रकारका कार्यक्रमहरूबाट भने पछि हट्न पनि म आह्वान गर्दछु ।

अन्तमा आजको आर्थिक स्थितिबाट हौसला लिने ठाउँ छ भने यसको आधारमा भविष्यमा यी सुधारका प्रक्रियालाई जारी राख्न र आर्थिक विकासको गतिमा तिब्रता ल्याउने काम भने चुनौति पूर्ण छ । यो गहन कार्य छोटो अवधिमा वा फाटफुटे कदमबाट सम्भव छैन । यसको लागि विकास प्रेमी श्री ५ महाराजाधिराज सरकारको प्रेरणादायी नेतृत्व र मौसूफको लगनशीलताको उदाहरण हामी सबैले अनुकरण गर्नु परेको छ । आज बजेटमा मैले प्रस्तुत गरेका नीति र कार्यक्रमहरूको सञ्चालनमा श्री ५ को सरकारलाई सबै पञ्च साथीहरू, कृषक, उद्योगी तथा व्यापारी र अ… सबै देशवासीहरूबाट समेत सक्रिय सहयोगकोलागि अपील गर्दछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## खर्च ब्यहोर्ने स्रोतहरूको संक्षिप्त विवरण

रू. हजारमा

| २०३१।३२ को यथार्थ | खर्च | २०३२।३३ को संशोधित अनुमान | २०३३।३४ को अनुमान |
|---|---|---|---|
| १,५१,३७,५४ | कुल खर्च | १,६८,१४,३६ | २,६०,६६,२० |
| ८४,६५,०६ | साधारण तर्फ | ७३,२६,४८ | ८२,३४,३७ |
| ६६,७२,४८ | विकास तर्फ | १,२४,८७,८८ | १,७८,३१,८३ |
| | **खर्च ब्यहोर्ने स्रोतहरू** | | |
| १,००,८३,९३ | राजस्वबाट | १,१८,२६,३० | १,५४,५८,०० |
| | आयको वर्तमान स्रोतबाट | | १,३२,६८,०० |
| | कर प्रस्तावबाट | | १२,०५,०० |
| | प्रशासकीय तथा अन्य उपायहरूबाट | | ९,८५,०० |
| २८,२७,९७ | विदेशी सहायता | ३३,२१,५९ | ४१,७४,७० |
| २४,४६,३७ | द्विपक्षीय | २७,३४,२० | २८,७६,५० |
| ३,८१,६० | बहुपक्षीय | ५,८७,३९ | १२,९८,२० |
| −२२,२५,६४ | बचत (+) वा न्यून (−) | −४६,६६,४७ | −६४,३३,५० |
| | **न्यून पूर्तिगर्ने स्रोतहरू** | | |
| १०,३९,७१ | विदेशी ऋण | १८,८०,०५ | ३१,९३,३९ |
| ३,१९,४१ | द्विपक्षीय | २,५२,९३ | ५,५२,३२ |
| ७,२०,३० | बहुपक्षीय | १६,२७,१२ | २६,४१,०७ |
| १०,००,०० | आन्तरिक ऋण | २०,००,०० | ३०,००,०० |
| १,८५,९३ | नगद मौज्दात (बचत−) | ७,८६,४२ | २,४०,११ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# राजस्व अनुमान

## ०३३।३४

रू. हजारमा

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | प्रशासकीय तथा अन्यउ-पायहरूबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| | | कुल जम्मा | १,३२,६८,०० | १२,०५,०० | ९,८५,०० | १,५४,५८,०० |
| १ | भन्सार | | ४२,६१,०० | ३,००,०० | × | ४५,६१,० |
| | | (क) निकासीबाट | ४,५०,०० | २,८५,०० | × | ७,३५,०० |
| | | (ख) पैठारीबाट | २५,३६,०० | १५,०० | × | २५,५१,०० |
| | | (ग) भारतबाट अन्त:शुल्क फिर्ता | १२,२५,०० | × | × | १२,२५,०० |
| | | (घ) विविध | ५०,०० | × | × | ५०,०० |
| २ | अन्त:शुल्क | | १५,९०,०० | ३,२०,०० | × | १९,१०,०० |
| | | (क) ठेक्का रकम | ३,००,०० | × | × | ३,००,०० |
| | | (ख) औद्योगिक उत्पादन | १२,४५,०० | ३,२०,०० | × | १५,६५,०० |
| | | (ग) विविध | ४५,०० | × | × | ४५,०० |
| ३ | मालपोत | | १०,००,०० | × | १,७५,०० | ११,७५,०० |
| | | (क) रैकर | १०,००,०० | × | १,७५,०० | ११,७५,०० |
| ४ | वन | | ५,५१,०० | × | ५,००,०० | १०,५१,० |
| | | (क) लकडी बिक्री | ५,२५,५० | × | ५,००,०० | १०,२५,५ |
| | | (ख) शिकार तथा र्‍वायल्टी | ५० | × | × | ५० |
| | | (ग) विविध | २५,०० | × | × | २५,०० |
| ५ | कर | | ३३,७६,०० | ५,८५,०० | २,००,०० | ४१,६१,०० |
| | | (क) आयकर | १०,५०,०० | × | २,००,०० | १२,५०,०० |
| | | (ख) मनोरञ्जन कर | ७०,०० | २०,०० | × | ९०,०० |
| | | (ग) शहरीक्षेत्रको घर जग्गा | ३०,०० | × | × | ३०,०० |
| | | (घ) सवारी कर | ८५,०० | ७५,०० | × | १,६०,०० |

206

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | प्रशासकीय तथा अन्य उपायहरूबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| | | (ङ) हवाई उडान कर | ३२,५० | १५,०० | × | ४७,५० |
| | | (च) होटेल कर | ३६,५० | × | × | ३६,५० |
| | | (छ) ठेक्का कर | ७७,०० | × | × | ७७,०० |
| | | (ज) बिक्री कर | १९,५०,०० | ४,७५,०० | × | २४,२५,०० |
| | | (झ) मोटर कर | २५,०० | × | × | २५,०० |
| | | (ञ) घरबहाल कर | २०,०० | × | × | २०,०० |
| ६ | रजिष्ट्रेशन | | ४,२२,०० | × | × | ४,२२,०० |
| | | (क) घर जग्गा | ४,००,०० | × | × | ४,००,०० |
| | | (ख) फाराम रजिष्ट्रेशन | ३,४० | × | × | ३,४० |
| | | (ग) एजेन्सी रजिष्ट्रेशन | १० | × | × | १० |
| | | (घ) बन्दूक पिस्तोल रजिष्ट्रेशन | ३,५० | × | × | ३,५० |
| | | (ङ) सवारी लाइसेन्स | १५,०० | × | × | १५,०० |
| ७ | सिंचाइ पानी | | २३,०० | × | ८०,०० | १,०३,०० |
| | | (क) पानी पोत | २०,०० | × | ८०,०० | १,००,०० |
| | | (ख) धारामहसूल | ३,०० | × | × | ३,०० |
| ८ | सञ्चार | | १,१०,०० | × | ३०,०० | १,४०,०० |
| | | (क) हुलाक | १,१०,०० | × | ३०,०० | १,४०,०० |
| ९ | यातायात | | ९५,०० | × | × | ९५,०० |
| | | (क) हवाई | ८०,०० | × | × | ८०,०० |
| | | (ख) विविध | १५,०० | × | × | १५,०० |
| १० | विद्युत् | | १,५७,०० | × | × | १,५७,०० |
| | | (क) रवायल्टी | १,००,०० | × | × | १,००,०० |
| | | (ख) अन्य | ५७,०० | × | × | ५७,०० |
| ११ | साँवा ब्याज तथा लाभांश | | १४,२८,०० | × | × | १४,२८,०० |

अधिकारीकृत मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | प्रशासकीय तथा अन्य उपायहरूबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| | | (क) कम्पनी कर्पोरेशनलाई दिएकोऋणको ब्याज | १,१०,०० | × | × | १,१०,०० |
| | | (ख) सरकारी कर्मचारीलाई दिएको ऋणको ब्याज | २,०० | × | × | २,०० |
| | | (ग) शेयर लगानी (लाभाँश) | १०,१८,०० | × | × | १०,१८,०० |
| | | (घ) कम्पनी कर्पोरेशनलाई गएको ऋण फिर्ता | २,८८,०० | × | × | २,८८,०० |
| | | (ङ) सरकारी कर्मचारीलाई दिएको ऋण फिर्ता | १०,०० | × | × | १०,०० |
| १२ | निजामती प्रशासन | | २,०२,०० | × | × | २,०२,०० |
| | | (क) न्याय | २०,०० | × | × | २०,०० |
| | | (ख) शिक्षा | १२,०० | × | × | १२,०० |
| | | (ग) स्वास्थ्य | १२,०० | × | × | १२,०० |
| | | (घ) पशु तथा मत्स्य पालन | ४०,०० | × | × | ४०,०० |
| | | (ङ) सूचना तथा प्रसार | ३,०० | × | × | ३,०० |
| | | (च) विविध | १,१५,०० | × | × | १,१५,०० |
| १३ | विविध | | ५३,०० | × | × | ५३,०० |
| | | (क) पासपोर्ट र भिसा | ५०,०० | × | × | ५०,०० |
| | | (ख) अभियान रायल्टी | २,०० | × | × | २,०० |
| | | (ग) अरू फुटकर | १,०० | × | × | १,०० |

२०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०३१।३२ को यथार्थ र २०३२।३३ को संशोधित

## राजस्व अनुमान

रु. हजारमा

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०३१।३२ को यथार्थ | २०३२।३३ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कुल जम्मा | १,००,८३,९३ | १,१८,२६,३० |
| १ | भन्सार | | ३२,८५,२२ | ३८,८१,४८ |
| | | (क) निकासीबाट | ३,०८,९० | ३,८५,२३ |
| | | (ख) पैठारीबाट | १८,२२,९९ | २२,६०,२५ |
| | | (ग) भारतबाट अन्त: शुल्क फिर्ता | १०,७७,२१ | ११,८६,०० |
| | | (घ) विविध | ७६,१२ | ५०,०० |
| २ | अन्त:शुल्क | | ११,९६,७८ | १५,७६,६४ |
| | | (क) ठेक्का रकम | ३,३२,३७ | ४,०१,४४ |
| | | (ख) औद्योगिक उत्पादन | ८,३०,६८ | ११,२५,०० |
| | | (ग) विविध | ३३,७३ | ५०,२० |
| ३ | मालपोत | | ९,०८,९९ | १०,००,०० |
| | | (क) रैकर | ९,०८,९९ | १०,००,०० |
| ४ | वन | | ४,५०,४६ | २,८६,०३ |
| | | (क) लकडी बिक्री | ३,८९,२७ | २,५०,६३ |
| | | (ख) शिकार तथा र्‍वायल्टी | २१ | ४० |
| | | (ग) विविध | ६०,९८ | ३५,०० |
| ५ | कर | | २६,६६,६२ | २९,८०,०० |
| | | (क) आय कर | ४,६९,९५ | ७,७५,०० |
| | | (ख) मनोरञ्जन कर | ५८,३५ | ७०,०० |
| | | (ग) शहरी क्षेत्रको घरजग्गा कर | १७,३४ | २२,०० |
| | | (घ) सवारी कर | ६६,३६ | ८०,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०३१।३२ को यथार्थ | २०३२।३३ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | (ङ) हवाई उडान कर | २३,१७ | ३०,०० |
| | | (च) होटल कर | २८,४७ | ३६,०० |
| | | (छ) ठेक्का कर | ७४,८७ | ८०,०० |
| | | (ज) बिक्री कर | १६,०५,२५ | १८,५०,०० |
| | | (झ) मोटर कर | १८,८७ | २५,० |
| | | (ञ) घर बहाल कर | ६७ | १२,० |
| ६ | रजिष्ट्रेशन | | ३,७६,५६ | ४,१२,०५ |
| | | (क) घर जग्गा | ३,६०,१४ | ३,८०,०० |
| | | (ख) फाराम रजिष्ट्रेशन | ५,०० | १२,०० |
| | | (ग) एजेन्सी रजिष्ट्रेशन | ३ | ५ |
| | | (घ) बन्दूक पिस्तोल रजिष्ट्रेशन | २,५७ | ५,०० |
| | | (ङ) सवारी लाइसेन्स | ११,८२ | १५,०० |
| ७ | सिंचाइ पानी | | ४,३५ | १२,७८ |
| | | (क) पानी पोत | ३,३६ | १०,०० |
| | | (ख) धारा महसूल | ६६ | २,७८ |
| ८ | सञ्चार | | ६२,२० | ६६,० |
| | | (क) हुलाक | ६२,२० | ६६,० |
| ९ | यातायात | | ३६,१६ | ७२,१५ |
| | | (क) हवाई | २५,५४ | ६०,०० |
| | | (ख) विविध | १३,६५ | १२,१५ |
| १० | विद्युत् | | २८,६२ | ८७,१३ |
| | | (क) र्‍वायल्टी | ६,२२ | ४०,०० |
| | | (ख) अन्य | २२,४० | ४७,१३ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०३१।३२ को यथार्थ | २०३२।३३ को संशोधित अनुमान |
|---|---|---|---|---|
| ११ | साँवा ब्याज तथा लाभाँश | | ७,६१,२६ | ११,६८,०४ |
| | | (क) कम्पनी कर्पोरेशनलाई दिएको ऋणको ब्याज | ५२,६६ | १,१३,२१ |
| | | (ख) सरकारी कर्मचारी-लाई दिएको ऋणको ब्याज | ३,१४ | २,०० |
| | | (ग) शेयर लगानी | ६,२१,६३ | ८,२०,०० |
| | | (घ) कम्पनी कर्पोरेशनलाई गएको ऋण फिर्ता | ४४,०५ | १,५७,८३ |
| | | (ङ) सरकारी कर्मचारीलाई गएको ऋण फिर्ता | ३६,५१ | ५,०० |
| १२ | निजामती प्रशासन | | १,६३,६० | १,६२,०० |
| | | (क) न्याय | ३४,५५ | २०,०० |
| | | (ख) शिक्षा | ६,६४ | १०,०० |
| | | (ग) स्वास्थ्य | ७,४१ | १०,०० |
| | | (घ) पशु तथा मत्स्यपालन | १२,६८ | ३०,०० |
| | | (ङ) सूचना तथा प्रसार | २,४८ | २,०० |
| | | (च) विविध | ६६,५४ | १,२०,०० |
| १३ | विविध | | १,०६,७४ | ३२,०० |
| | | (क) पासपोर्ट र भिसा | २७,१५ | ३०,०० |
| | | (ख) अभियान रोयल्टी | १,४६ | २,०० |
| | | (ग) फुटकर | ७८,१३ | × |

२०९

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# व्यय अनुमान

## (साधारण बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३१।३२ को यथार्थ | २०३२।३३ को संशोधित अनुमान | २०३३।३४ को अनुमान |
|---|---|---|---|---|---|
| १ संवैधानिक अङ्गहरू | १–१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ६८,२९ | ७८,१२ | ७८,०० |
| | १–२ | राजसभा | ३,१७ | ३,६२ | ४,१३ |
| | १–३ | राष्ट्रिय पञ्चायत | २९,९३ | ३२,०० | ३६,२८ |
| | १–४ | महालेखा परीक्षकको विभाग | १८,७९ | २२,०० | २२,६० |
| | १–५ | सर्वोच्च अदालत | ८,८६ | ९,४० | १०,२२ |
| | १–६ | लोक सेवा आयोग | २०,५२ | २२,५१ | २२,३८ |
| | १–७ | निर्वाचन आयोग | ६,६५ | ४८,६६ | ३३,६७ |
| | १–८ | गाउँफर्क राष्ट्रिय अभियान | — | — | ७०,७३ |
| २ साधारण प्रशासन | २–१ | मन्त्रिपरिषद् | १६,९८ | २३,५५ | २४,५० |
| | २–२ | श्री ५ को सरकारको सचिवालय | १,४८,६७ | १,५४,०० | १,५८,२९ |
| | २–३ | जिल्ला प्रशासन | १,३७,४२ | १,६०,६० | १,९२,७६ |
| | २–४ | प्रहरी | ५,४७,४९ | ६,८२,०० | ७,२२,५७ |
| | २–५ | कारागार | ७७,९४ | ९५,५२ | ९९,२७ |
| | २–६ | विविध | ७१,१४ | ९९,४५ | ५७,[illegible] |
| | २–७ | प्रशासन सुधार | ६,०० | ११,०० | १७,[illegible] |
| ३ राजस्व प्रशासन | ३–१ | मालपोत | ७७,३९ | ९०,५१ | १,०४,११ |
| | ३–२ | भन्सार | ५०,०७ | ७५,४३ | ६४,५८ |
| | ३–३ | अन्त:शुल्क | २६,५६ | ३०,६० | ३८,०६ |
| | ३–४ | कर | २५,९२ | ३३,२० | ३८,२३ |
| | ३–५ | राजस्व न्यायाधिकरण | ३,७० | ४,२३ | १,२१ |
| ४ आर्थिक प्रशासन र योजना | ४–१ | योजना | ६,७४ | ६,७२ | ७,१० |
| | ४–२ | तथ्याङ्क | १२,९६ | १५,४० | १६,३७ |
| | ४–३ | टक्सार | ३१,६५ | ३५,३३ | ५२,५२ |
| | ४–४ | महालेखा नियन्त्रकको कार्यालय | १७,२४ | २२,५० | २८,८९ |
| | ४–५ | मेट्रिक नापतौल | ३,६७ | ६,५० | ६,६३ |

190

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३१।३२ को यथार्थ | २०३२।३३ को संशोधित अनुमान | २०३३।३४ को अनुमान |
|---|---|---|---|---|---|
| ५ न्याय प्रशासन | ५-१ | अदालत | ९४,२४ | १,१०,६० | १,२०,३२ |
| | ५-२ | महान्यायाधिवक्ताको कार्यालय | ३,९२ | ३,८६ | ४,४१ |
| ६ वैदेशिक सेवा | ६-१ | वैदेशिक सेवा | १,५६,४४ | १,६६,८० | १,९७,६३ |
| | ६-२ | विविध | ४६,३४ | ६३,६७ | ५३,६७ |
| ७ रक्षा | ७-१ | रक्षा | ९,७०,८२ | १४,६८,६० | १६,०४,२४ |
| ८ सामाजिक सेवाहरू | ८-१ | शिक्षा | ६,०६,१८ | ७,७८,४० | ५,८६,१८ |
| | ८-२ | स्वास्थ्य | २,८१,७८ | ३,५१,४६ | ३,६१,७२ |
| | ८-३ | पिउने पानी | ८,५० | १०,२० | ११,२८ |
| | ८-४ | पञ्चायत | १,५६,७६ | १,८३,१३ | १,७३,८३ |
| | ८-५ | अन्य सामाजिक सेवाहरू | १,५१,३७ | १,४७,७४ | १,६०,४८ |
| ९ आर्थिक सेवाहरू | ९-१ | कृषि | ९२,८२ | ६०,२० | ६६,८३ |
| | ९-२ | सिंचाइ | १८,२१ | २७,७८ | २८,७३ |
| | ९-३ | भूमिसुधार | ५७,८१ | १,१३,९५ | ९७,२९ |
| | ९-४ | नापी | १८,४५ | २२,४८ | २८,४३ |
| | ९-५ | वन | ४५,८१ | ६१,५० | ६५,३४ |
| | ९-६ | उद्योग तथा खानी | १६,६६ | २२,०४ | २४,८० |
| | ९-७ | सञ्चार | २,०२,०० | २,३५,४० | २,५८,७२ |
| | ९-८ | यातायात | १,९५,२७ | २,३२,०० | २,४६,२६ |
| | ९-९ | विद्युत् | ५०,९४ | ५४,१६ | ८४,०५ |
| | ९-१० | अन्य आर्थिक सेवाहरू | ७,९१ | १०,८० | ११,९५ |
| १० ऋण तथा लगानी | १०-१ | ऋण र लगानी | १६,५४ | ४०,५० | ९३,५२ |
| ११ साँवा र ब्याज भुक्तानी | ११-१ | साँवा भुक्तानी | १,४५,०८ | १,७३,०० | ४,१८,०० |
| | ११-२ | ब्याज भुक्तानी | ३,३४,८१ | ५,३५,०० | ५,८८,०१ |

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३१।३२ को यथार्थ | २०३२।३३ को संशोधित अनुमान | २०३३।३४ को अनुमान |
|---|---|---|---|---|---|
| १२ बिबिध | १२–१ | बिशिष्ट व्यक्ति तथा प्रतिनिधि-मण्डलको भ्रमण खर्च | २६,४२ | ७०,०० | ५०,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | ८७,१२ | १,२७,१० | १,३१,० |
| | १२–३ | अतिथि सत्कार | १,५६ | ३,६० | ४,०० |
| | १२–४ | आकस्मिक सहायता चन्दा र पुरस्कार | २,६६ | १,०० | १,०० |
| | १२–५ | मुआब्जा | ६,२१ | ७,०० | ८,०० |
| | १२–६ | अन्य | ६५,१६ | २,६६,२७ | ३,३८,२५ |
| | १२–७ | भैपरी आउने | १,४०,५१ | १,८४,१६ | ५,००,०० |
| | | | ५४,६५,०६ | ७३,२६,४८ | ८२,३४,३७ |

मुद्रण विभाग, सिंहदरबार

192

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यय अनुमान
## (विकास बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३१।३२को यथार्थ | २०३२।३३ को संशोधित अनुमान | २०३३।३४ को अनुमान |
|---|---|---|---|---|---|
| २ साधारण प्रशासन | २–७ | प्रशासन सुधार | ३,९९ | ७,०६ | ११,९६ |
| ४ आर्थिक प्रशासन र योजना | ४–१ | योजना | २१,८६ | ७,६० | २३,०० |
| | ४–२ | तथ्याङ्क | ११,७२ | ३१,०३ | २८,८२ |
| ८ सामाजिक सेवाहरू | ८–१ | शिक्षा | ९,३२,७४ | १३,७९,१० | १९,८७,४६ |
| | ८–२ | स्वास्थ्य | ५,९७,१८ | ८,८८,०७ | १२,६३,१२ |
| | ८–३ | पिउने पानी | २,५५,८३ | ४,३३,५७ | ७,२६,१७ |
| | ८–४ | पञ्चायत | २,१०,०२ | २,७३,९६ | ५,८८,७५ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | २,६९,४५ | १,७६,५६ | २,१०,२५ |
| ९ आर्थिक सेवाहरू | ९–१ | कृषि | ८,८६,०४ | १८,९०,८० | २७,४९,९२ |
| | ९–२ | सिंचाइ | ७,३९,८३ | १०,६७,०७ | १६,९२,६६ |
| | ९–३ | भूमिसुधार | ८०,५७ | ९९,६५ | १,२७,३६ |
| | ९–४ | नापी | १,२४,०७ | १,२६,६९ | २,१३,१४ |
| | ९–५ | वन | २,४१,०७ | ३,७३,२७ | ४,८९,७६ |
| | ९–६ | उद्योग तथा खानी | ८,६४,१८ | ११,६०,९९ | १२,८८,१८ |
| | ९–७ | सञ्चार | ८०,४० | १,१४,८९ | २,०४,२३ |
| | | (क) हुलाक | (२०,५४) | (१२,९७) | (२२,७३) |
| | | (ख) दूर सञ्चार | (५९,८६) | (१,०१,९२) | (१,८१,५०) |

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

212

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३१।३२ को यथार्थ | २०३२।३३ को संशोधित अनुमान | २०३३।३४ को अनुमान |
|---|---|---|---|---|---|
| | ९–८ | यातायात | ३५,९४,८९ | ३४,९७,२४ | ४२,८५,८४ |
| | | (क) सडकहरू | (२८,४६,७५) | (२८,२५,४३) | (३५,९२,२३) |
| | | (ख) पूलहरू | (३,०६,८९) | (३,६३,५४) | (२,७९,६०) |
| | | (ग) हवाई | (४,४१,२५) | (३,०८,२७) | (४,१४,०१) |
| | ९–९ | विद्युत् | ३,७०,४५ | ४,६६,५५ | १३,३९,५८ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | २,०२,९७ | १,७७,२९ | १,७१,६३ |
| १२ विविध | १२–६ | अन्य | ९८,०९ | १,९६,१८ | ३,३०,०० |
| | १२–७ | भैपरि आउने | ८७,१० | १,२०,०० | १,००,०० |
| | | | ९६,७२,४८ | १,२४,८७,८८ | १,७८,३१,८३ |

२९४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

# परिवर्त्य विदेशी विनिमयको

## आय–व्यय विवरण

रू. हजारमा

| क्रम संख्या | शीर्षक | २०३१।३२ को यथार्थ | २०३२।३३ को संशोधित अनुमान | २०३३।३४ को अनुमान |
|---|---|---|---|---|
| | आय | ५४,०६,१० | ६६,०५,०० | ७१,०८,०० |
| १ | अदृश्य निर्यात | ३०,३३,६२ | ३३,५०,०० | ३६,००,०० |
| | (क) निवृत्तभरण र तलब | (६,६४,६०) | (१०,००,००) | (१०,००,००) |
| | (ख) लगानीको ब्याज | (८,७०,७५) | (६,५०,००) | (६,००,००) |
| | (ग) पर्यटन | (११,९८,२७) | (१७,००,००) | (२०,००,००) |
| २ | मालसामानको निर्यात | १२,१०,५१ | २३,००,०० | २४,००,०० |
| ३ | कूटनैतिक नियोगहरू | २,४१,९८ | २,४०,०० | ३,००,०० |
| ४ | विदेशी सहायता (अनुदान तथा ऋण) | २,६४,१८ | २,३५,०० | ४,०८,०० |
| ५ | विविध | ६,५८,८१ | ४,८०,०० | ४,००,०० |
| | व्यय | ८०,७७,३७ | ५६,७०,०० | ७६,२०,०० |
| १ | अदृश्य आयात | ६,२८,४६ | ७,२५,०० | ८,००,०० |
| २ | मालसामानको आयात | ६६,९०,१४ | ४५,००,०० | ६१,००,०० |
| | (क) विकाससामानहरू | (३७,६६,६०) | (२०,००,००) | (३१,००,००) |
| | (ख) उपभोग्य सामानहरू | (२९,२३,५४) | (२५,००,००) | (३०,००,००) |
| | कूटनैतिक नियोगहरू | १,५९,४५ | १,८०,०० | २,२५,०० |
| | ऋण मोचन कोष | १,५७,५१ | १,२५,०० | २,९५,०० |
| ५ | विविध | ४,४१,८१ | १,४०,०० | २,००,०० |
| | बचत (+) घाटा (−) | −२६,६८,२७ | ९,३५,०० | −५,१२,०० |

आज्ञाले–

भरतबहादुर प्रधान

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९५

मुद्रण विभाग, सिंहदरबार

१९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।